परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

❑ वर्ष ११ ❑ अंक ४४ २०८० असार ३ गते आईतवार Sunday 18, JUN 2023 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## हुलाकी राजमार्ग सडक निर्माण कार्य अलपत्र हुँदा यूवाहरु आन्दोलित

विराटनगर । हुलाकी राजमार्ग खण्डको विराटनगर देखि रतुवामाई सम्मको सडक निर्माण कार्य ठेक्कादारले अलपत्र पारेपछि कटहरी गाउँपालिकाका यूवाहरुले सडक निर्माण कार्य चाडो भन्दा चाडो सम्पन्न गर्न माग गर्दै सडक अवरोध गर्दै विरोध प्रदर्शन गरका छन् ।

विहीवार भएको सडक अवरोध र विरोध प्रदर्शनका क्रममा प्रहरी र स्थानीय विच झडप समेत भएको थियो । हुलाकी राजमार्ग निर्माण गर्ने ठेक्केदाहरुले निर्माण कार्य ढिला सुस्तु गरको, कम असल सामग्री प्रयोग गरेकोमा गाउँपालिका अध्यक्ष समेत मुख दर्शक भई रहेको र ठेक्केदारलाई कुनै कारवाही नगरेको भन्दै कटहरी गाउँपालका अध्यक्ष देवराज चौधरीलाई अपशब्द प्रयोग गरी विरोध जनाएका थिए ।

सडकको दुवै पट्टी खनेर अलपत्र पारेपछि विराटनगर देखि रतुवामाई सम्मको सडक गर्मी हुँदा धुलाम्मे र पानी पर्दा हिलाम्मे हुँदा सर्वसाधारन जनता सास्ती भोग्न बाध्य भएपछि यूवाहरु विरोध प्रदर्शनमा उत्रेका हुन् । त्यसैगरी सो सडक खण्डमा सडक दुर्घटनामा परी दुई जनाले ज्यान गुमाई सकेको छ भने दर्जनौ घाईते भएका छन् ।



हुलाकी राजमार्ग खण्डको मोरंगको कटहरी गाउंपालिकाको कटहरी बजारमा बाटो अरोध गर्दै युवाहरु ।

हुलाकी सडक विराटनगर महानगरपालका देखि रतुवा माई नगरपालका सम्मको निर्माण कार्यमा ढिला सुस्ती र लापार्वाहिका कारण सडक क्षेत्रमा बसोवास गर्ने आम जनता र सडकमा अगामन गर्ने जनतामा धुलोले स्वास्थ्यमा असर पार्ने र पानी परेपछि हिलोमा दुर्घटना जोखिम वढ्ने भन्दै तत्काल काम सुचारु गर्न प्रदर्शन कारी यूवाहरुको मुख्य माग रहको छ ।

तीन वर्ष अघि हुलाकी राजमार्गको विराटनगर देखि रतुवामाई सम्मको सडक खण्डमा काम शुरु गरको ठेक्केदार कम्पनी र पेटी ठेक्केदार काममा ढिला सुस्ती गर्ने वेला वेलामा काम छोडेर वेपत्ता हुने कारणले सो राजमार्ग अहिले अलपत्रमा परेको छ ।

सम्पर्कविहीन बनेका ठेकेदारहरुलाई कारवाहीको माग गर्दै कटहरीमा सडक अवरोध गरी विरोध गर्दै आएका यूवामाथि प्रहरीले गरको अनावश्यक हातपात गरेकोमा आन्दोलन कारी यूवा अवधेश झाले आक्रोश व्यक्त गरको थिए ।

यसअघि हुलाकी राजमार्गमा पर्ने क्षेत्रका संघिय र प्रदेश सांसद, नगरपालिकाका प्रमुख र गाउँपालिका अध्यक्ष लगायत जनताका जनप्रतिनीधिहरुले हुलाकी राजमार्गको काम तत्काल सुचारु गर्न बैशाख २१ गते पत्रकार सम्मेलन गरी एक हप्ताको अल्टीमेटम दिदै सो अवधीमा काम सुचारु नगरे सडक अवरोध गरी जनताको साथ लिएर आन्दोलनमा उत्रने चेतावनी दिएका थिए । सो चेतावनी पछि कामलाई तिव्रता दिएको थियो । तर पुन: ठेक्केदारले

वांकी अन्तिम पेजमा...

## भाषा,साहित्य, कला र संस्कृती संरक्षण गर्न माग

विराटनगर । प्रदेश स्तरीय भाषा, साहित्य, कला र संस्कृती क्षेत्रका सरोकारवालाहरुसंग गरिएको एक दिवसिय कार्य शाला गोष्ठीका सहभागीहरुले कोशी प्रदेशमा बसोवास गरेका सवै जातजातिहरुको भाषा, साहित्य, कला र संस्कृतीको संरक्षण हुनु पर्ने माग गरेका छन् ।

प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय कोशी प्रदेश विराटनगरले आयोजना गरेको कार्यशालामा कोशी प्रदेशको १४ जिल्लावाट सहभागी हुन आएका जातिय संघ संस्थाका प्रतिनिधीहरुले सो माग गर्दै कोशी प्रदेशमा भाषा, साहित्य, कला र संस्कृती संरक्षण गर्न प्रतिष्ठान वनाउनु पर्ने माग समेत गरको हो ।

सो कार्यशाला गोष्ठीको उद्घाटन सत्रको प्रमुख अतिथीका रुपमा उपस्थित भएका

वांकी अन्तिम पेजमा...

## वृहत मधेशी नगरिक समाजको नवौं स्थापना दिवस सम्पन्न

विराटनगर । वृहत मधेशी नागरिक समाज केन्द्रीय समिति विराटनगरले नवौं स्थापना दिवस भव्य रुपमा सम्पन्न गरका छन् ।

नवौं स्थापना दिवसको अवसरमा शितल धर्मशालामा वृहत कार्यक्रमको आयोजना गरी केक काटेर मनाएका हुन् । सो कार्यक्रममा उपस्थित प्रबुद्ध व्यक्तित्वहरुले मधेशी जनताको अधिकारको लागि खोलिएको राजनीतिक दलहरुले आ-आफ्नै स्वार्थ पुर्तिमा लागी टुटफुट भएकोले मधेशी जनता अधिकार पाउनवाट वंचित भएको वताए । अधिकार प्र्प्तीका लागि मधेशी राजनीतिक दलहरु एक जुट हुने पर्ने विचार राखेका थिए ।

सो कार्यक्रमा नागरिक अभियानका अगुवा बलराम यादव, जनमत पार्टीको केन्द्रिय सदस्य परमेश्वर मुर्मु, अधिवक्ता रामलाल सुतिहार, जनता समाजवादी पार्टीका केन्द्रीय सदस्य संजय सिंह, रामअशिस महतो, श्यामनन्द शर्मा, मुस्लीम समुदयवाट तवरेज हक लगायतले आ-आफ्नो विचार राखेका थिए ।

वांकी अन्तिम पेजमा...

## लघुवित्तिय विरुद्धको आन्दोलन देश व्यापी

विराटनगर । लघुवित्तिय संथाहरुको विरुद्धमा विगत् २०७८ माघ १ देखि गुल्मी जिल्लाको गुल्मीदरवार गाउपालिकाबाट सुरु भएको हाम्रो आन्दोलन आज देशव्यापी रुपमा अगाडी बढिरहेको सो आन्दोलनलाई अझ प्रभावकारी वनाउन असार ३ गते आईतवार कोशी प्रदेश बन्द सहितको आन्दोलनको कार्यक्रम घोषणा गरको छ ।

लघुवित्तिय संस्था विरुद्धको संघर्ष समिति, नेपालका केन्द्रय अध्यक्ष मनिराम ज्ञावालीले असार १ गते नेपाल पत्रकार महासंघ मोरंगको सभाहलमा पत्रकार सम्मेलन गरी सो कुरा वताएका थिए । वहांले भने विगत १६ महिनादेखि निरन्तर चलिरहेको आन्दोलनले वित्तिय क्षेत्र सुधारमा केहि परिवर्तन गर्न राष्ट्र बैंक बाध्यकारी अवस्थामा पुगी बैंक तथा वित्तिय सुधारका लागि केहि कार्यक्रमहरु सार्वजनिक गरिरहेको छ भने केहि बहसको रुपमा उठिरहेका छन् । जस्तै एक अंकमा व्याजदरका बहस सहकारी र लघुवित्तिय क्षेत्रमा सुधारका लागि नीति तथा कार्यक्रम मै सार्वजनिक गर्ने र एक सदस्य र एक लघुवित्त कार्यक्रम तथा असुल गरेको सेवा शुल्क बापतको रकम आंशिक रूपमा भएपनि फिर्ता गर्न बाध्य पार्नु सकारात्मक सुधार भएको देखिन्छ ।

समितिले ५ बुद्धे माग समेत प्रस्तुत गरको थियो । ती मागहरुमा नवसामन्तीहरुको रुपमा स्थापित लघुवित्तिय संस्थाहरु खारेज गर, लघुवित्तिय संस्थाहरुद्वारा लगाइएका सामूहिक ऋण मिनाहा गर, आम गरीब किसानलाई नि:शुल्क ऋण प्रदान गर, आवश्यकता र क्षमतामा आधारित काम र दामको व्यवस्था गर, समाजवादी

वांकी अन्तिम पेजमा...

## स्वाच्छ खाद्य पदार्थ उपभोगका लागि अनुरोध

- प्याक भएका खाद्य पदार्थहरुको लेवलमा उत्पादन मिति, उपभोग्य मिति, व्याच नं., तौल, उद्योगको नाम, ठेगाना आदि हेरेर मात्र उपभोग गरौं ।
- अस्वभाविक रङ्ग भएका रङ्गीचङ्गी खाद्य पदार्थ उपभोग नगरौं ।
- खाद्य पदार्थको गुणस्तर सम्बन्धमा कुनै गुनासो भए सम्बन्धित निकायमा जानकारी गराऔं ।
- साथै खाद्य पदार्थ उत्पादक उधोगले खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयवाट अनुज्ञापत्र लिएपछि मात्र उत्पादन तथा विक्री वितरण गर्ने गरौं ।

*खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, विराटनगर,*
*सम्पर्क : ०२१-४७०८२८*

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

## कोशी प्रदेश...

व्यवसायिक पर्यटन, छुट्टि मनाउने पर्यटन, सम्मेलन पर्यटन, प्रदर्शनी पर्यटन, जंगल सफारी पर्यटन आदिको प्रवर्द्धन गरिनेछ। प्रदेशका नदीहरुमा जल पर्यटनको सम्भाब्यता अध्ययन गरी स्थानीय तह र निजी क्षेत्रसँगको सहकार्यमा जलबिहार तथा जलयात्राजस्ता साहसिक पर्यटनसँग सम्वन्धित गतिविधिहरु सञ्चालन गरिनेछ ।

- बिराट दरबार, बर्जुताल, मुन्धुम मार्ग, तिनजुरे-मिल्के-जलजले-ओलाङ्चुङगोला जस्ता सम्भावनायुक्त पर्यटकीय स्थलहरुको परिक्रमा मार्ग विकास गरी पर्यटकहरुको बसाई अवधि लम्ब्याई प्रदेशको सामाजिक आर्थिक उपार्जनमा टेवा पुऱ्याइनेछ ।

माननीय सभामुख महोदय,

प्रदेश सभाका माननीय सदस्यहरु,

- अन्त्यमा, नेपालको संविधानले आत्मसात गरेका मान्यता र परिकल्पनाहरु, योजनाबद्ध विकास प्रक्रियामा तय गरिएका राष्ट्रिय र प्रादेशिक लक्ष्यहरु, नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु, प्रदेशमा आम जनसमुदायबाट प्रकट भएका भावनाहरु एवम् राजनीतिक दलहरुले उठाएका शान्ति, सुव्यवस्था र विकासका विषयवस्तुहरुका अन्तरनिहित चाहानालाई यो नीति तथा कार्यक्रमले समेटेको छ। प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न आवश्यक साधन स्रोतको व्यवस्था गरिनेछ।यो नीति तथा कार्यक्रम स्वच्छ, सुखि र सम्मुनत कोशी प्रदेशको खाका सहितको नीतिगत दस्तावेजको रुपमा रहेकोले यसको कार्यान्वयनमा सबै क्षेत्रबाट आवश्यक सहयोग प्राप्तहुने विश्वास लिएकोछुयस नीति कार्यक्रमको निर्माणमा सुझाव दिनुहुने राजनीतिक दलहरु, प्रदेश सभाका माननीय सदस्यहरु, संचार क्षेत्र, नागरिक समाज तथा प्रदेशको विकास प्रयासमा सहयोग पुऱ्याउनु हुने राष्ट्रिय, अन्तराष्ट्रिय संघ सस्था र विकास साझेदार निकाय एवम् नीति तथा कार्यक्रम तर्जुमा कार्यमा संलग्न हुने सवैप्रति धन्यवाद ज्ञापन गर्दछु ।

## हुलाकी...

लापार्वाही गरेपछि स्थानीय यूवाहरुले आन्दोलन थालेका हुन् ।

सडकछेउका बासिन्दाहरुको घरमा बस्ने अवस्था छैन, अहिले घर धुलोले छपक्कै छोपेको अवस्था छ। सरकारले बाटो निर्माणको काममा अबपनि ढिला सुस्ती गऱ्यो भने सडकमै सुतने स्थानीयहरुले जानएको छ। बाटोको विषयलाई लिएर विरोध जनाउनदा प्रहरीले स्थानीय बिच केही समय झडप समेत भएको थियो। बाटोमा थुपारेर राखेका निर्माण सामग्रीले उक्त सडक खण्डमा दैनिक दुर्घटनाको जोखिम समेत बढेको कटहरी गाउँपालिका वडा नं. ३ का वडाअध्यक्ष जदुकामतले वताए

ठेकदार र पेटी ठेक्केदाहरूले सडक निर्माणमा लापरबाही गर्दा विराटनगर देखि रतुवामाई खण्डको सडकमा यात्रा गर्न नसकिने अवस्था आएको छ। यति मात्रै हैन अत्यधिक धुलोका कारण सडक आसपासका बस्तीहरू नै उठीबास लाग्ने अवस्थामा पुगेको छ। विराटनगर देखि करीव २५ किलोमिट 'सडकमा हिँड्न सक्ने र घरमा बस्न सक्ने अवस्था छैन ।'

## लघुवित्तिय...

अर्थतन्त्रको विकास गर रहेको छ।

लघुवित्तिय संस्थाहरुको खारेजी तथा ऋण मिनाहा पछि सरकारले गरिब, किसान, मजदुर र बिपन्न वर्गमा गर्नुपर्ने योजना प्रस्तुत गरेका थिए। १ मा लघुवित्त वित्तिय संस्थाहरुद्धारा वितरण गरिएको अन्यायपूर्ण सामुहिक र धितो कर्जाको कारणले सदस्यहरुलाई आर्थिक र सामाजिक शोषणमा पारिरहेका यी संस्थाहरुलाई खारेज गरि गरिब किसान विपन्न वर्ग तथा मजदुर वर्गको जिवनस्तर उठाउनको लागि सरकारले ऋण प्रवाह गर्ने निकाय स्वरुप पूर्ण रुपमा नयाँ संरचना तयारगरि वडा, स्थानीय तह, जिल्ला, प्रदेश र केन्द्र सम्म उद्यमशिल परियोजना आयोग गठन गर्नुपर्ने, २ मा उद्यमशिल परियोजना आयोगद्वारा विषय विज्ञहरु मार्फत गरिब किसान बिपन्न वर्ग तथा मजदुर वर्गलाई लक्षित गरि वित्तिय साक्षरता, व्यावसाहिक साक्षरता र शिपमूलक तालिम लगायत उद्यमशिल सम्बन्धी सम्पूर्ण कार्यक्रम संचालन गर्नुपर्ने योजनामा रहको छ।

त्यसैगरी ३ मा उक्त आयोगद्वारा सम्पूर्ण उत्पादनको बजार व्यवस्थापन सहित सदस्यहरुलाई अनिवार्य उत्पादनमा लगाउनु पर्ने, ४ मा उद्यमशिल तालिम प्राप्त सदस्यहरुलाई अल्पकालिन, मध्यकालिन र दिर्घकालिन रणनीति अनुसार उक्त आयोगको अधिनस्तमा कार्यक्रम संचालन गर्नुपर्ने, ५ मा उक्त परियोजनामा नेपाल सरकारले गरिब, किसान, र विपन्न वर्ग शिर्षकमा विनियोजन हुने रकम र जनताको प्रत्यक्ष लगानीमा संयुक्त साझेदारीमा योजना संचालन गर्नुपर्ने, ६ मा यस परियोजना अर्न्तगतका कार्यक्रमलाई स्थानीय तह, जिल्ला, प्रदेश सम्म अल्पकालिन, मध्यकालिन र दिर्घकालिन योजना बनाई पकेट क्षेत्रको रुपमा परिचालन गर्नुपर्ने, ७ मा यस परियोजना अर्न्तगतका सम्पूर्ण कार्यक्रमहरु स्वयम निकाय जिम्मेवार हुने गरि अनुगमन र नियमन गर्दै प्रभावकारी रुपमा परिचालन गर्नुका साथै व्यावसायीक विमा अनिवार्य गराउनुपर्ने, ८ मा विषय विज्ञद्वारा तालिम प्राप्त सदस्यहरुलाई ० प्रतिशत ब्याजमा कर्जा प्रवाह गरि उत्पादन तथा व्यवसाय अनुसारको ३ महिना, ६ महिना र १ वर्षमा कुल लगानीको १० प्रतिशत साँवा अशुल गर्ने व्यवस्था गर्नु पर्ने। ९, यस परियोजना अन्तरगतका कार्यक्रमहरु कुनै पनि नामका बिचौलियाहरुलाई प्रयोग गर्न र गराउनबाट बञ्चित गर्नुपर्ने योजनाहरु प्रस्तुत गरेका थिए।

त्यसैगरी पत्रकार सम्मेलनमा ऋण मिनाहा कसरी गर्ने समेत वताएका थिए। जस अनुसार १ मा लघुचित्त वित्तिय संस्थाहरुले फिर्ता नहुने गरि केन्द्र बचतको नाममा विगत ३० वर्ष देखि गरेको प्रति सदस्य रु ५ बराबरको रकम फिर्ता गर्नुपर्ने, २ मा लघुवित्तिय संस्थाले कर्जा प्रवाह गर्दा सेवा शुल्क १.५ प्रतिशतको नाममा वर्षमा २/३ पटक पूर्नकर्जा प्रवाह गर्दा अशुल गरेको रकम तुरुन्त फिर्ता गर्नु पर्ने, ३ मा १५ प्रतिशतमा प्रमाणित गरि लगानी लगाउने र उक्त लगानी लगाउँदा मासिक १ किस्ता बराबरको रकम सुरुमै अशुल गर्ने र विभिन्न नामको बचत र व्यक्तिगत बिमाको नाममा काटिने रकम र १२ महिना सम्म घट्दो ब्याजमा हिसाब नगरि चक्रवृद्धि ब्याज लगाई अशुल गरेको रकम हिसाब गरि तुरुन्त फिर्ता गर्नुपर्ने, ४ मा करिव २० प्रतिशत रकम स्वयम ऋणीहरुको बचत रहने भएकाले उक्त रकम ३० प्रतिशत रकम नेपाल सरकार र ५० प्रतिशत रकम लघुवित्तिय सस्थाहरुले माविका बुँदाहरुमा केन्द्रित रकम फिर्ता गर्ने गरि उक्त संस्थाहरुद्वारा लगाईएको अन्याय पूर्ण ऋणको मिनाह गर्नुपर्ने, ५. सम्पूर्ण ऋणिहरु बाहेकका विभिन्न नाममा गरिएको बचत कर्ताहरुको रकम हिसाब गरि तुरुन्त फिर्ता दिनुपर्ने लगायतका उपायहरु पत्रकार सम्मेलनमा वताएका थिए।

सोही पत्रकार सम्मेलनमा सहभागीहरुले आ-आफ्नो लघुवित्तिय संस्थाहरुले दिएको पिडा समेत सुनाएका थिए। बन्दा लगायतको कार्यक्रम सातै प्रदेशमा गर्ने बन्दा लगायतको कार्यक्रम गर्ने अध्यक्ष ज्ञावालीले वताए।



वृहत मधेशी नागरिक समाज केन्द्रिय समिति विराटनगरले जेठ ३१ गते आयोजना गरेको नवौं स्थापना दिवसमा सहभागी भएका प्रवुद्ध व्यक्तित्वहरु। फोटो : श्याम सुन्दर सुतिहार

## भाषा...

कोशी प्रदेशका सामाजिक विकास मन्त्री माननीय बुद्धिकुमार राजभण्डारीले कोशी प्रदेशमा वसोवास गरेका सवै जातजातिको भाषा, साहित्य, कला र संस्कृतीको संरक्षण हुनु आफू प्रतिवद्ध रहको भन्दै म मन्त्री भई रहे भने तपाईहरुको प्रतिष्ठान बन्न पक्का भएको प्रतिवद्धता जनाएका थिए।

त्यस पछि खुल्ला सत्रमा भाषा, साहित्य, कला र संस्कृती सम्वन्धमा चारवटा कार्यपत्रहरु प्रस्तुत भएका थिए। ती कार्यपत्रमा बृहत छलफल भएका थिए। कार्यपत्र समग्र रुपमा राम्रो भएता पनि ती कार्यपत्रमा अझ छुटेका भाषाभाषी, जातजाती, धर्म संस्कृती, कला क्षेत्रमा व्यत्तित्वहरुलाई समेट्नु पर्ने सहभागी मध्येका भाषा संस्कृति प्रतिष्टानका अध्यक्ष जय प्रकाश महतोले वताउँदै कोशी प्रदेशमा वोलिने मगही भाषालाई कार्यपत्रमा समावेश नगरेको मा खेद प्रकट गरेका थिए।

त्यसैगरी मैथली क्षेत्रमा रहको हस्तकलालाई कला क्षेत्रको कार्यपत्रमा नसमेटिएकोमा अपन विराटगढ परोपकार संस्थाकी अध्यक्ष बसुन्धरा झाले आक्रोस व्यक्तगरेका थिए।

उक्त कार्यक्रम सामाजिक विकास मन्त्रालयका निमित्त सचिव फणिन्द्र खत्रीको अध्यक्षतामा सम्पन्न भएको थियो।

## वृहत...

उक्त कार्यक्रम आव धारण पत्र प्रस्तुत गर्दै वृहत मधेशी नागरिक समाजका केन्द्रिय अध्यक्ष सूर्यनाथ प्रसाद सिंहको अध्यक्षतामा सम्पन्न भएको थियो।

**पानीजन्य रोग र सरसफाइको कमजोरअवस्थाबाट बच्न निम्न क्रियाकलाप अवलम्बन गर्न हार्दिक अनुरोध गर्दछौं ।**

- सुरक्षित पानी विऊ यदि सुरक्षित नलागेमा पानी शुद्धीकरणका घरेलु विधि : उमाल्ने, क्लोरिन गर्ने, फिल्टरिङ गर्ने आदि विधि प्रयोग गरी मात्र पानी पिऊ ।
- चर्पीको नियमित प्रयोग गरौ, गराऔं र चर्मी नियमित सफा राखौं ।
- ताजा, सफा र राम्ररी पकाएरका खानेकुरा खाऔं ।
- दिसा गएपछि, बच्चाको दिसा घोएपछि खाना पकाउनु खानु अगाडि र खाना खाएपछि फोहोर छोएपछि साबुन पानीले हात धौऔं एवं धुन लगाऔं ।
- खोक्दा, हाछ्यू गर्दा कुहिनाले वा टिस्यु पेपरले नाक, मुख छोपौं, आवश्यक रुपमा नाक मुख, आँखा वा अनुहारलार्य हातले नछौऔं ।
- कुहिने तथा नकुहिने फोहोरलाई बर्गीकरण गरी उचित रुपमा व्यवस्थापन गरौं। घर वरपर जथाभावी पानी र फोहोर जम्न नदिऔं। खाने पानीका स्रोत पोखरी, ताल, तलैया, नदी, समुदायिक वातावरण सफा राखौं ।

खानेपानी तथा ढल व्यवस्थापन विभाग
संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना
विराटनगर, मोरंग, कोशी प्रदेश

**स्तनपान : बालबालिकालाई वरदान**

- आमाको दुधमा बालकालिकालाई आवश्यक पर्ने पर्याप्त पानी र खनीज हुन्छ।
- आमाको बिगौती दुधले बालबालिकालाई खोप सरहको काम गर्छ।
- स्तनपानले शिशुको शारिरीक, मानसिक, बौद्धिक तथा सामाजिक विकासमा मद्दत गर्छ।
- बजारमा पाईने प्याकेट दुध वा फर्मुला आमाको दुघ जस्तो पोसिलो हुदैन।

त्यसैले बालबालिकालाई स्तनपान गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# पिडितहरुलाई समाधान देऊ

लघुवित्तिय सस्थाहरुको विरुद्धमा विगत् २०७८ माघ १ देखि गुल्मी जिल्लाको गुल्मीदरवार गाउपालिकाबाट सुरु भएको आन्दोलन आज देशव्यापी रुपमा अगाडी बढिरहेको अवस्था रहको छ। विगत १६ महिनादेखि निरन्तर चलिरहेको आन्दोलनले वित्तिय क्षेत्र सुधारमा केहि परिवर्तन गर्न राष्ट्र बैंक बाध्यकारी अवस्थामा पुगी बैंक तथा वित्तिय सुधारका लागि केहि कार्यक्रमहरु सार्वजनिक गरिरहेको छ भने केहि बहसको रुपमा उठिरहेका छन्। अहिले सम्मको लघुवित्तिय पिडितहरुको आन्दोलनको क्रममा उदयपुर जिल्ला गढिमाई गा.पा. वडा नं ७ निवासी पदम बहादुर राईको मृत्यु भएको छ भने ५ दर्जन जति लघुवित्तिय पिडितहरु घाईते भएको छन्।

आन्दोलनले नै गर्दा एक अंकमा व्याजदरका बहस सहकारी र लघुवित्तिय क्षेत्रमा सुधारका लागि नीति तथा कार्यक्रम मै सार्वजनिक गर्ने र एक सदस्य र एक लघुवित्त कार्यक्रम तथा असुल गरेको सेवा शुल्क बापतको रकम आंशिक रूपमा भएपनि फिर्ता गर्न बाध्य पार्नु सकारात्मक सुधार भएको देखिन्छ। यी सुधार हुनुमा लघुवित्तिय पिडितहरुको आन्दोलन वापतको सामान्य उपलब्धि भएको देखिन्छ। 'वाचौ र वचाऔर अघिवढौ' लघुवित्तिय संस्थाहरुको ज्यादतीको विरुद्धमा एक जुट हौऔ नाराका साथ शुरु भएको आन्दोलन अहिले वन्द हड्तालमा उत्रिएका छन्। त्यसैले कुनै समस्याको समाधान आन्दोलन होइन कुरालाई मनन गर्दै लघुवित्तिय संस्था र पिडितहरको समास्या नेपाल राष्ट्रबैकले चाडिो भन्दा चाडो समाधान गर्नु पर्छ।

नेपाल राष्ट्र बैकबाट इजाजत प्राप्त लघुवित्तिय संस्थाहरुले गरेको ज्यादतीहरुको वरेका जसले संस्था संचालन गर्न अनुमति दिन्छ त्यसैले त्यसको नियमन पनि गर्नु पर्छ। राष्ट्रबैकवाट इजाजत प्राप्त संस्थाले आम नेपाली जतालाई ठगी गरेपछि राष्ट्रबैक पनि दोषी ठहरीन्छ। त्यसैले राष्ट्र बैकले कमाएको साख जोगाउन पनि लघुवित्तिय संस्थाहरुले कुन छिद्रवाट ज्यादती गरेको छ सोको पत्ता लगाई त्यस्ता लघुवित्तहरुलाई कारवाही गरी पिडितहरुको समस्या समस्या समाधान राष्ट्र बैकले गरी दिनु पर्ने आवश्यक छ। अन्यथा लघुवित्तिय पिडितहरुले अन्दोलनलाई अझ शसक्त नबनाउला भन्न सकिन्न।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष** (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : **वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक** (**तो,ना,नि,नू,ने,नो,या,यि,यू**) : **बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) :**सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# कोशी प्रदेश सरकारको आर्थिक वर्ष २०८०-०८१ को लागि नीति तथा कार्यक्रम सार्वजनिक (पूर्णपाठ)

कोशी प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि आफ्नो नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ। प्रदेशसभा बैठकमा प्रदेश प्रमुख पर्शुराम खापुङ्गले सरकारको नीति तथा कार्यक्रम सार्वजनिक गरेका हुन्।

सरकारले सार्वजनिक गरेको कार्यक्रममा कृषि क्षेत्रको व्यावसायिक प्रवर्द्धन, रोजगारी केन्द्रित कृषिलाई लगायतका दर्जनौ प्राथमिकतामा राखेका छन।

त्यसगरी नीति तथा कार्यक्रामा प्रदेशको लगानी सम्मेलन आयोजना गर्ने, आन्तरिक राजस्व वृद्धिको लागि सम्भाव्यता अध्ययन प्रतिवेदनमा औंल्याइएका सुझावलाई कर्यान्वयन गरिने, स्थानीय तहका स्वीकृत रिक्त दरवन्दीमा कर्मचारी पदपूर्ति प्रणालीलाई छिटो, छरितो, गुणस्तरीय बनाउन कानूनी र संरचनागत सुधार गर्दे लैजाने, प्रदेश स्तरीय सञ्चार माध्यमहरुलाई नियमन गर्न आवश्यक कानून निर्माण गरिने छ, प्रदेश सरकारको कार्यसञ्चालन गर्न प्रदेशको राजधानी भित्र प्राप्त हुने जग्गामा भौतिक संरचना निर्माणका लागि गुरुयोजना तयार गरिने कुरा उल्लेख गरिएको छ।

स्थानीय तहसँगको साझेदारीमा स्वास्थ्य वीमा कार्यक्रम लाई प्रभावकारी बनाउन थप कार्यक्रम सञ्चालन गरिनेछ, कृषि क्षेत्रमा सानो लगानीबाट स्वरोजगार हुन चाहाने युवाहरुलाई तरकारी, च्याउ, मह, पशुपालन आदि व्यवसाय संचालनका लागि सहुलियतपूर्ण कर्जा तथा सहयोग उपलब्ध गराईने, कृषि वस्तु उत्पादन, भण्डारण, आपूर्ति, गुणस्तर नियमन जस्ता कार्यलाई व्यवस्थित गर्दै लगिने, स्थानीय तहसँगको सहकार्यमा सितभण्डार निर्माण तथा सञ्चालनमा सहकार्य गरिने, "एक स्थानीय तह एक उत्पादन कार्यक्रम" लाई व्यवस्थित गर्दै लगिने कुरामा जोड दिइएको छ।

प्रदेशलाई औद्योगिक हबको रूपमा विकास गर्न उपयुक्त स्थानमा "कोशी औद्योगिक क्षेत्र" स्थापनाको लागि अध्ययन गरिने, अल्लो, वाँस, बेतबाँस, भेडाको उन, पशुहरुको छाला, कोगटी जस्ता स्थानीय कच्चा पदार्थमा आधारित सङ्कलन तथा प्रशोधन केन्द्रको स्थापना गरी परम्परागत उद्यमशीलता प्रवर्द्धनका लागि उन्नत प्रविधि अवलम्बनमा सहयोग गरिने बताइएको छ।

प्रदेश भित्रका सवै नागरिकको घरमा आगामी दुई वर्ष भित्रमा विद्युत सुविधा पुऱ्याउन कार्ययोजना स्वीकृत गरी सम्बन्धित निकायसँग को सहकार्यमा कार्ययोजना कार्यान्वयन गरिने, सामुदायिक क्याम्पसहरुको गुणस्तरीय शैक्षिक कार्यक्रम सञ्चालनका लागि पूर्वाधार विकासमा सहयोग गरिने कुरा उक्त नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ।

लैङ्गिक हिंसा अन्त्यका लागि स्थानीय तहमा संरक्षण कोषको व्यवस्था गर्न सहजिकरण गरिने, कोशी प्रदेशभित्रका विभिन्न जातजाति, भाषाभाषी, सांस्कृतिक र ऐतिहाँसिक क्षेत्रभित्र रहेका लिपि, भाषा, साहित्य, कला, संस्कृति आदिको संरक्षण, सम्बर्द्धन, अध्ययन, अनुसन्धान गरी यस क्षेत्रलाई संमृद्ध बनाउनका लागि प्रादेशिक संस्कृति नीति तर्जूमा गरिने बताइएको छ।

मोरङ जिल्लाको विराटनगर महानगरपालिका स्थित "बैजनाथपुर क्रिकेट मैदान" लाई अन्तर्राष्ट्रिय स्तरको प्रादेशिक क्रिकेट मैदान र झापा जिल्लाको कमल गाउँपालिका पाडाजुंगी स्थित "आदिवासी जनजाति रंगशाला" लाई प्रादेशिक रंगशालाको रुपमा विकास गरिने कुरालाई नीति तथा कार्यक्रममा जोड दिइएको छ।

नीति तथा कार्यक्रमको पूर्णपाठ :

माननीय प्रदेश प्रमुख श्री परशुराम खापुङ्गले कोशी प्रदेशसभाकोबैठकलाई गर्नु भएको सम्बोधन

(आर्थिक वर्ष २०८०-०८१ को नीति तथा कार्यक्रम)

माननीय सभामुख महोदय,

प्रदेश सभाका माननीय सदस्यहरु,

- नेपालको संविधान कार्यान्वयनको क्रममा प्रदेशको समग्र विकासको महत्वपूर्ण आधार तयार गरी प्रदेश सभाको एक कार्यकालसम्पन्न भई प्रदेश सभाको निर्वाचन पश्चात गठन भएको गरिमामय कोशी प्रदेश सभाको चालु अधिवेशनको यस बैठकलाई सम्बोधन गर्न पाउँदा मलाई खुसी लागेकोछ।

- मुलुकमा राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तन का लागि पटक पटक भएका जनआन्दोलन तथा सशस्त्र संघर्ष, जनयुद्ध, मधेश आन्दोलन, आदिवासी जनजाती आन्दोलन लगायत अधिकार प्राप्तिका लागि भएका बिभिन्न आन्दोलनहरुमा सहादत हुनुभएका आदरणीय अमर सहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु। घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। आन्दोलनमा सहादत हुनुभएका व्यक्तिहरु सहित घाईते,अपाङ्ग, पिडितएवम् बेपत्ता योद्धाहरुले पुऱ्याउनु भएको योगदानको उच्च मूल्यांकन गर्दै वँहाहरु प्रति हार्दिक सम्मान ब्यक्त गर्दछु।

- प्रदेश सकारको अघिल्लो पाँचवर्षमा संवैधानिक व्यवस्था अनुसार प्रदेश सरकारबाट निर्माण हुनु पर्ने आधारभूत कानूनहरु बनेका छन। प्रदेशको राजधानी तोकिएको छ। "स्वच्छ, सुखी र समुन्नत प्रदेश "निर्माण गर्ने दुरदृष्टिका साथ प्रदेशमा नीतिगत,कार्यगतर संरचनागत आधारहरु तयार भई प्रदेशबाट सम्पादन गर्नुपर्ने कार्यहरुले निरन्तरता पाएको छ। संविधान कार्यान्वयनको क्रममा प्रदेश सरकार र प्रदेश सभाको अभ्यास, अनुभव एवम् उपलब्धी उत्साह जनक रहेकोले आगामी दिनहरुमा प्रदेशको आर्थिक तथा सामाजिक रुपान्तरणमा तिब्रता आउने अपेक्षा गरिएको छ।

- वर्तमान सरकारको कार्यकालमा संवैधानिक ब्यबस्था अनुसार प्रदेश सभाबाट प्रदेशको नामाकरण भई "कोशी प्रदेश" भएको छ।संघ,प्रदेश र स्थानीय तह बीचको सम्वन्धलाई सहकारीता, सहअस्तित्वर समन्वयको सिद्धान्तमा आधारित भएर अझ प्रगाढ बनाउन आवश्यक कानूनहरु तर्जुमागर्ने, प्रदेश समन्वय परिषद्लाई क्रियाशिल बनाउने, प्रशासनिक समन्वय समितिहरुलाई क्रियाशिल बनाई कार्यगत सम्बन्ध स्थापित गर्ने कार्यहरु भईरहेका छन्। संघीय प्रणाली अनुरुप तीन तहको ढाँचामा आधारित सरकारको माध्यमबाट स्थायी शान्ति, समृद्धि, स्थिरता र सुशासन तथा दिगो विकासको प्रतिफल सबैलाई उपलब्ध गराउने दिशामा प्रदेशका कार्यकारी संयन्त्रहरुको प्रयत्न रहेको छ।

- नेपालको संविधान अनुसार संघ, प्रदेश र स्थानीय तहका एकल तथा साझा अधिकार सूचिको कार्य विष्तृतीकरण बमोजिम कोशी प्रदेशका जनताको आकांक्षा तथा आवश्यकता, प्रदेशले लिएका आवधिक योजनाका लक्ष्यहरु, दिगो विकासका लक्ष्यहरु, नेपाल सरकारले अवलम्वन गरेको राष्ट्रिय लक्ष्यहरु तथा राजनीतिक दलहरुले जनता समक्ष प्रस्तुत गरेका घोषणा पत्र, प्रदेश सरकारको न्युनतम साझा कार्यक्रम तथा अन्य गुरु योजनाहरुलाई प्रदेश सरकारले गन्तब्य निर्धारण तथा मार्गदर्शनका आधारको रुपमा लिएर सामाजिक न्याय सहितको समृद्ध कोशी प्रदेश निर्माणको अबधारणा कार्यान्वयन भईरहेको छ।

माननीय सदस्यहरु,

- आगामी आर्थिक वर्ष २०८०-८१ को वार्षिकनीतितथा कार्यक्रमको मार्गचित्रका रुपमा यस अघी प्राप्त गरिएका उपलब्धी, कार्य सम्पादनमा आएका चुनौती तथा सरकारले तय गरेको योजनागत गन्तब्यहरु रहेका छन। सरकारको अघिल्लो कार्यकालमा निर्माण भई कार्यान्वयनमा रहेको प्रदेशको पहिलो आवधिक योजना २०७६-७७ र २०८०-८१ आगामी आर्थिक वर्ष सम्म क्रियाशिल रहने छ। पहिलो आबधिक योजनाको समिक्षा सहित आगामी आर्थिक वर्षमा कोशी प्रदेशको दोस्रो आवधिक योजना निर्माणको आधार पत्र तयार गर्ने,दिगो विकासका लक्ष्यहरुलाई स्थानीयकरण गरी उपलब्धिहरुको समिक्षा गने, तीन वर्षको समष्टिगत वित्त खाका,वजेट तथा कार्यक्रमको खाका र नतिजाको खाका समाबेश भएको मध्यकालिन खर्च संरचना (MTEF) तर्जुमा तथा कार्यान्वयन लाई निरन्तरता दिँदै प्रदेशका जनताको शान्ति, समृद्धि र विकाशको चाहाना सम्बोधन गर्न आवश्यक योजनागत प्रबन्ध गरिनेछ। प्रदेश योजना आयोगको बिद्यमान संरचनाको सुधार तथा सुदृढीकरण गरिनेछ।

- योजना, वजेट तथा कार्यक्रमलाई प्रदेशको आवश्यकता तथा राष्ट्रिय लक्ष्य प्प्तिमा सहयोगी बनाउन प्रदेश स्तरीय योजना,वजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शनलाई आवश्यक परिमार्जन सहित कार्यान्वयन गरिनेछ। आयोजना तथा कार्यक्रमहरुमा उपलब्ध स्रोत साधन परिचालनको नियमितता, मितव्ययिता, काय ंदक्षता, प्रभाबकारिता रऔचित्यता पुष्टी हुनेगरी योजनागत लागत, समय, उपलब्धीर गुणस्तरमा ध्यान दिई तोकिएको कार्य सम्पन्न गर्न र लक्षित उद्देश्य प्राप्त गर्न योजनागत, नीतिगत र कार्यगत व्यवस्थालाई प्रभावकारी बनाईनेछ।

- प्रशासनिक तथा विकास व्यवस्थापनको प्रभावकारिता अभिवृद्धि गर्नकोशी प्रदेश विकास समस्या समाधान संयन्त्र वनाइनेछ। सार्वजनिक तथा सरकारी निकायहरुलाई गुण स्तरीय कार्य सम्पादनका लागि प्रतिस्पर्धात्मक रुपमा कार्य गर्न सहजीकरण गरिनेछ। विषय क्षेत्रगत खर्च समिक्षा, आर्थिक अनुशासन एवं कार्यदक्षता र सुशासन व्यवस्थापन समेतलाई ध्यानमा राखि मन्त्रालयगत रुपमा निश्चित अवधिगत प्रगति समिक्षा गर्ने तथा प्रदेश सरकारले त्रैमासिक कार्यसम्पादनको समिक्षा गर्ने प्रणालीलाई अझ व्यवस्थित बनाई नतिजामा आधारित कार्यसम्पादन प्रणाली विकास गरिनेछ।

- नेपालमा संघीयता कार्यान्वयनमा सहयोग पुर्याउन नेपाल सरकार, विभिन्न अन्तराष्ट्रिय दातृ निकाय, विकास साझेदार संस्थाहरुको सहयोगमा प्रदेश भित्र सञ्चालित योजना तथा परियोजनाहरुलाई निरन्तरता दिने, अवश्यकता अनुसार नयाँ समझदारी गर्ने तथा समझदारी अनुसारका लक्षित उद्देश्य प्राप्तिका लागि प्रदेश सरकारले आवश्यक सहयोग उपलब्ध गराउनेछ।

वांकी ३ पेजमा...

क्राईम अपरेशन
Crime Operation

## कोशी प्रदेश...

- प्रदेश निजामती सेवा,स्थानीय सेवा र अन्य सेवाका राष्ट्र सेवकहरुको अभिलेख राख्न, प्रदेश किताबखानाको सुदृढीकरण गरी आधुनिक सूचना प्रविधिमा आधारित अभिलेख प्रणालीको विकास गरिनेछ। कर्मचारी कल्याण कोषको स्थापना र सञ्चालनको व्यवस्था गरिनेछ । प्रदेश तथा स्थानीय तह बीच नागरिक सेवा र विकास व्यवस्थापनमा समन्वय गर्न अनुसन्धान तथा कर्मचारी प्रशिक्षण सम्बन्धी कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

- मन्त्रिपरिषद्का निर्णयहरुको अभिलेख व्यवस्थापनलाई व्यवस्थित बनाईनेछ । मन्त्रिपरिषद्का निर्णय कार्यान्वयनको अवस्था विश्लेषण गरिनेछ । मन्त्रिपरिषद्लाई सूचना प्रविधि मैत्रि बनाईनेछ ।

- प्रदेशको जिम्वेवारी तथाकार्य क्षेत्र बमोजिमका कार्यहरु सम्पादन गर्न स्थापित निकायहरुबाट एकीकृत रुपमा समेत सेवा संचालन गर्न सकिने अभिप्रायका साथ संगठन तथा व्यवस्थापन(इ७)सर्भेक्षण गरी मन्त्रालय र अन्तरगत निकायमा रहने कार्यालयहरुको संख्या तथा सोमा रहने कर्मचारीको दरबन्दी सुनिश्चित गरी कार्यालयहरुमा नवीनतम सूचना प्रविधिको प्रयोग गरी सेवा प्रवाहलाई छिटो, छरितो, सरल, सहज र सुशासित बनाईनेछ । प्रशासन सुधार सम्बन्धी कार्यलाई निरन्तरता दिईनेछ। कोशी प्रदेशमा बसोबास गर्ने सामाजिक तथा साँस्कृतिक दृष्टीले पछाडि परेका युवा जनशक्तिलाई सार्वजनिक तथा सरकारी सेवाको लागि हुने प्रतियोगितात्मक परीक्षामा भाग लिने सक्षमता अभिवृद्धि गर्न तयारी कक्षा संचालन गरिनेछ ।

- चालुआर्थिक वर्षमा संचालन भएका आयोजना कार्यक्रमको समिक्षा एवम् विश्लेषण गर्दै प्रदेश सभा सदस्य तथा स्थानीय तहका जनप्रतिनिधीहरुको सहभागिता हुने गरी जिल्लास्तरमायोजना तर्जुमा तथा कार्यान्वयन गोष्ठीसञ्चालन गरिनेछ। मानवीय समृद्धि, उत्पादन, उत्पादकत्व तथा रोजगारी अभिवृद्धि गर्न उल्लेख्य भूमिका निर्वाह गर्ने स्थानीय तहहरुसँगको साझेदारी लाई विशेष प्राथमिकता दिईनेछ ।

- विकासका बहुआयामिक क्षेत्रको सन्तुलित उन्नयनका निम्ति रुपान्तरणकारी र प्रदेश गौरवका आयोजना पहिचान गरिनेछ। प्रदेशको आर्थिक तथा सामाजिक विकासको अवस्था र विकास प्रतिको परिवर्तित धारणालाई मध्यनजर गर्दै गरिबी निवारणका सम्भावित उपायहरुको अध्ययन अनुसन्धान गरिनेछ। प्रदेशको समग्र बिकासमा लगानी प्रवर्द्धन गर्ने उपयुक्त वातावरण निर्माण गरी लगानी सम्मेलन आयोजना गरिनेछ ।

माननीय सदस्यहरु,

- प्रदेश सभाले पारित गरी प्रदेश प्रमुखबाट प्रमाणीकरण भएका प्रदेश कानूनहरुको प्रभावकारी कार्यान्वयनकासन्दर्भमा मुल्यांकन को सूचकहरु तयार गरी सोको आधारमा कानून कार्यान्वयनको अनुगमन तथा मुल्यांकन गरिनेछ ।

- प्रदेशमा संवैधानिक अधिकारको प्रयोगका विषयमा अन्तरतह समन्वय गरी आवश्यक व्यवस्थापकीय कार्य सम्पादन गरिनेछ।संसदीय निगरानी प्रक्रियालाई सक्षम बनाउन प्रदेश सभा सचिवालयको सुदृढीकरण र विषयगतसमितिको क्षमता अभिवृद्धि गर्दै लगिनेछ ।

- प्रदेश र स्थानीय तहका स्वीकृत रिक्त दरबन्दीमा कर्मचारी पदपूर्ति प्रणालीलाई छिटो, छरितो, गुणस्तरीय एवम् विश्वसनीय बनाउन समयानुकूल कानूनी र संरचनागत सुधार गर्दै लगिनेछ । प्रदेश लोक सेवा आयोगको संस्थागत क्षमता अभिवृद्धिका लागि आवश्यक कार्य गरिनेछ।प्रदेश लोक सेवा आयोगको रणनीति योजना क्रमश: कार्यान्वयनमा ल्याइनेछ ।

माननीय सदस्यहरु

- समाजवादउन्मुख र सामाजिक न्याय सहितको सबल अर्थतन्त्रको निर्माणमा योगदान पुर्‍याउने गरी प्रदेशको आर्थिक व्यवस्थापन, आर्थिक स्थायित्व र मूल्यस्थिरता सम्बन्धी नीति तर्जुमा गरिनेछ। प्रदेश भित्र दीगो र हरित अर्थतन्त्रको आधार तयार गरी आर्थिक स्थायीत्व प्राप्तीका लागि सहकार्य गरिनेछ ।

- दिगो, समावेशी एवम् फराकिलो आर्थिक वृद्धि र विकासका लागि सार्वजनिक खर्चको उपयोगलाई मितव्ययी एवम् विश्वसनीय बनाउन तथा वित्तीय उत्तरदायित्व एवम् आर्थिक अनुशासन प्रवर्द्धन गर्न विद्यमान कानूनी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन र नियमन गरिनेछ ।

- आन्तरिक राजस्व सम्भाव्यता अध्ययन प्रतिवेदन मा औल्याइएका सुझाव हरुलाई कार्यान्वयन गर्न कार्ययोजना तयार गरी आवश्यक नीतिगत, कानूनी तथा जनशक्ति सहितको संस्थागत व्यवस्था गरिनेछ । व्यवसायिक, प्रविधिमैत्री एवम् पारदर्शी कर प्रणालीको माध्यमबाट कर र गैरकर राजस्व संकलनमा अभिवृद्धि गरिनेछ । स्थानीय तहको राजस्व संकलन र परिचालन क्षमता वढाउन आवश्यक समन्वय एवम् सहकार्य गरिनेछ ।

- आवधिक योजनाको लक्ष्य अनुसार उपलब्धी हासिल गर्न योगदान पुर्‍याउने गरी वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ। प्रदेशको स्रोत, साधनको अवस्था विश्लेषण गरी बहुवर्षीय आयोजना छनौट र कार्यान्वयन लाई व्यवस्थित बनाइनेछ।पूँजीगत खर्च बढाउन विनियोजन कुशलता र कार्यान्वयन क्षमता अभिवृद्धि गरिनेछ ।

- प्रदेशको सन्तुलित विकासका लागि आयोजना छनौट तथा वर्गीकरणको मापदण्ड परिमार्जन गरी कार्यान्वयन गरिनेछ।प्रदेशस्तरीय आयोजनाको पहिचान, विश्लेषण, छनौट र प्राथमिकीकरणलाई व्यवस्थित बनाउनका लागि आयोजना बैंक सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरी आयोजना व्यवस्थापन गरिनेछ ।

- बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन मार्फत् विकास नतिजा हासिल गर्ने कार्यलाई सहयोग पुर्‍याउन सूचना प्रविधिमा आधारित अनुगमन सम्बन्धी कार्य गरिनेछ । प्रदेश योजना आयोगको समन्वयमा अनुगमन मूल्याङ्कन दिग्दर्शन एवम् आवश्यक निर्देशिका तर्जुमा गरी बजेट कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनलाई थप प्रभावकारी बनाउन कानूनी व्यवस्था गरिनेछ ।

- प्रदेशस्तरमा बीमा, वित्तीय संस्थाको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन सम्बन्धी कार्य गर्न आवश्यक कानून तर्जुमा र त्यस्कोप्रभावकारी कार्यान्वयन गरिनेछ।बचत गरी उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न, वित्तीय सचेतना अभिवृद्धि गर्न र समयमै कर तिर्न प्रोत्साहन गर्नका लागि वित्तीय क्षेत्रका नियामक निकायहरुको समन्वय र सहकार्यमा वित्तीय सचेतना तथा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।

- प्रदेश स्तरको सार्वजनिक सम्पत्तिको अभिलेख अद्यावधिक गरी प्रदेश अन्तरगत सरकारी निकायका घर, जग्गाको स्वामित्व प्रदेशमा रहने व्यवस्था मिलाउन आवश्यक कार्य प्रक्रिया अघि बढाइनेछ। प्रदेश भित्रका सबै प्रकारका आर्थिक क्रिया कलापलाई औपचारिक प्रणालीमा आवद्ध गर्न सहजीकरण तथा सहकार्य गरिनेछ ।

- बेरुजु कम हुने गरी सरकारी कारोबार गर्न तथा कायम भएको बेरुजु फछ्र्यौट गरी बेरुजु रहित निकाय बनाउन कार्यसम्पादनमा संलग्न कर्मचारीलाई प्रोत्साहन गरिनेछ ।

- प्रदेशमा तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापनका लागि आवश्यक कानूनी एवम् प्रणालीगत व्यवस्था गरी प्रदेशस्तरको तथ्याङ्क संकलन, भण्डारण, सुरक्षा र उपयोगलाई प्रभावकारी बनाइनेछ ।

- रोजगारी प्रवर्द्धन, समाजिक सुरक्षा प्रवर्द्धन तथा वित्तीय संस्थाहरुको दक्षतापूर्ण कार्यसम्पादन अभिवृद्धि गर्ने कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ।आत्मनिर्भर प्रदेशको अवधारणा कार्यान्वयन गर्न प्रदेशमा कर तथा राजस्व सुधार कार्ययोजना निर्माण, परिमार्जन एवम् कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि गरिनेछ ।

माननीय सदस्यहरु,

- प्रदेशको शान्ति सुरक्षाको स्थितिलाई सामान्य तुल्याउन सम्बन्धित निकायहरुसँग सहकार्य र समन्वय गरी सुरक्षा व्यवस्था को सुदृढीकरण गरिनेछ।सुरक्षा निकाय तथा कारागारहरुको भौतिक संरचनाहरुको सुदृढीकरण,सामुदायिक प्रहरीको प्रवर्द्धन, सीमा सुरक्षामा नागरिक सहभागिताको अभिबृद्धि र प्रदेश प्रहरी समायोजन पश्चातको प्रदेश प्रहरी व्यवस्थापन गरी प्रदेशभर भरपर्दो, विश्वासिलो र सुदृढ शान्ति सुरक्षाको व्यवस्था मिलाइनेछ ।

- सुरक्षा निकाय, स्थानीय तह र गैरसरकारी निकायको सहभागितामा लागू औषध, मानव बेचबिखन तथा ओसारपोसार नियन्त्रण गरिनेछ । असल नागरिक र सक्षम समाज निर्माण गर्ने कार्यका लागिलागू औषध नियन्त्रण, विपद् व्यवस्थापन र नागरिक सुरक्षा सम्बन्धी सचेतना अभिवृद्धि गर्दै सबल, सुसंस्कृत र सभ्य नागरिक उत्पादन गर्नमाध्यमिक विद्यालयहरुमा"म अघि बढ्छु" कार्यक्रम सञ्चालन गरिनेछ ।

- विपद व्यवस्थापनका लागि अन्तर निकाय सम्बन्धलाई सुदृढ बनाउदै विपद् उत्थानशील प्रदेश निर्माण गर्न विपद् व्यवस्थापन प्रतिकार्यका लागि दुई वा सो भन्दा बढी स्थानीय तहहरुसँगको सहकार्यमा "मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र" स्थापना गरी एकीकृत रुपमा विपद् व्यवस्थापन गरिनेछ ।

- विपद्मा परेका पिडित मानिसहरुलाई छिटोछरितो तवरले उद्दार,राहत तथा पुनस्थापनाका लागि जिल्ला प्रशासन कार्यालयहरुको सेवा सुदृढीकरण गर्न समन्वयात्मक कार्यसम्पादन गरिनेछ। विभिन्न प्रकृतिकको विपद् तथा आगलागिबाट घरक्षति भएकालाई निजी आवास निर्माण गर्न प्रदेश सरकार र स्थानीय तह बीच सहकार्य गरिनेछ । विपद् जोखिम नक्साङ्कन, पूर्वसूचना प्रणाली व्यवस्था र विपद् पोर्टल अद्यावधिक गरी विपद् व्यवस्थापन कार्यलाई अनुमान योग्य र विश्वसनीय बनाईनेछ। नमूनाको रुपमा "जीवन प्रकोप जीवन बीमा" कार्यक्रम सञ्चालन गरिनेछ ।

- सार्वजनिक यातायातलाई डिजिटलाईजेसन गरी आधुनिक प्रविधि र नागरिकमैत्री यातायात सेवाको विस्तार गर्दै दुर्घटना नियन्त्रणका कार्यक्रम कार्यान्वयन गरिनेछ।स्थानीय तहसँगको सहकार्यमा बस बिसौनी प्रतिक्षालयहरुलाई आकर्षक र सुविधायुक्त बनाउन नमूना कार्यक्रम लागू गरिनेछ।विभिन्न प्रकारका सार्वजनिक यातायातका साधन सञ्चालनको लागिआवश्यक कानूनी व्यवस्था गरिनेछ ।

- यातायात कार्यालयहरुको व्यवस्थापन एवम् सेवा प्रवाह प्रणालीमा सुधार गरी नागरिक हरुलाई प्रभावकारी रुपमा छिटोछरितो सेवा प्रवाह गरिनेछ। आधुनिक सूचना प्रविधीमा आधारित भई सवारी साधन कर प्रणालीमा सुधार गरिनेछ। सवारीचालक अनुमतिपत्रको छपाई प्रदेश स्तरबाटै गरी छिटो तथा छरितो रुपमा सेवाग्राही हरुलाई सवारी चालक अनुमति पत्र प्रदान गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

- चलचित्रको विकासलाई संस्थागतरुपले अघि बढाउन चलचित्र निर्माण, सिनेमा हल संचालन, चलचित्र प्रदर्शन अनुमति र नियमन सम्बन्धी आवश्यक कानून बनाईनेछ । प्रदेशमा चलचित्र छायांकन स्थल तथा स्टुडियो निर्माण र चलचित्र महोत्सवका लागि सम्बन्धित क्षेत्रसँग आवश्यक सहकार्य गरिनेछ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतलाई कोशी प्रदेशमा चलचित्र विकासमा आकर्षित गर्न चलचित्र सद्भावना दूत घोषणा गरिनेछ ।

- प्रदेश स्तरीय सञ्चार माध्यमहरुलाई नियमन गर्न आवश्यक कानून निर्माण गरिने छ।सञ्चार क्षेत्रको व्यवस्थापन का लागि संस्थागत व्यवस्था गरिनेछ।प्रदेश सरकार र मातहतका निकायहरुको सूचना तथा विज्ञापनहरु संचार माध्यमलाई उपलब्ध गराउन आवश्यक नीति बनाईनेछ।प्रदेश पत्रकारिता पुरस्कारलाई निरन्तरता दिइनेछ। पत्रकार तथा सञ्चार सम्बद्ध संघ संस्थाहरुको क्षमता सुदृढीकरणलाई प्राथमिकतामा राखिनेछ ।

- प्रदेशमा रहेका भूमिसुधार तथा मालपोत कार्यालयहरु र नापी कार्यालयहरुको सेवाप्रवाह सुदृढ गर्न सहकार्य गरिनेछ।गुठी जग्गाको लगत अद्यावधिक गरिनेछ।घर जग्गा रजिष्ट्रेसन शुल्कलाई व्यवस्थापन गर्ने प्रणालीको सुधारमा सहकार्य गरिनेछ ।

- प्रदेश भूमि व्यवस्था र भूमिविहिनको जीविकोपार्जन सम्बन्धी आवश्यक नीति, कानून, मापदण्ड बनाईनेछ । भूमिहिनतथा सुकुम्वासीहरुलाई स्वरोजगारमूलक जीविकोपार्जन सम्बन्धी आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

- आर्थिकरुपमा विपन्न नागरिकहरुलाई न्यायमा पहुँच अभिबृद्धि गर्न संघ तथा स्थानीय तहसँगको साझेदारी, सहयोग र समन्वयमा प्रत्येक जिल्लामा निशुल्क कानूनी सहायता तथा कानूनी शिक्षा सचेतना कार्यक्रम संचालन गरिनेछ ।

- प्रदेश कानूनहरुको निर्माण, परिमार्जन तथा कार्यान्वयन सम्बन्धी सरोकार वाला वर्गको पृष्ठपोषण लिई कानूनको गुणस्तरमा सुधार गरिनेछ।प्रदेश तथा स्थानीय तहमा कानून तर्जुमासँग सम्बन्धित जनशक्ति हरुको क्षमता अभिबृद्धि गरिनेछ ।

माननीय सदस्यहरु,

- विगत आर्थिक वर्षहरु देखि संचालित बहुवर्षिय सडक, पुल, झोलुङ्गे पुल तथा भवनहरुलाई सम्पन्नगर्नका लागि प्राथमिकता दिईनेछ।छोटो समय र कम लागत लाग्ने महत्वपूर्ण योजनाहरुलाई प्राथमिकता का साथ अघि बढाईनेछ । प्रदेशका विकट गाँउ तथाबस्तीहरु जोड्ने रस्थानीय तहका केन्द्रसम्म सडक पहुँच पुर्‍याउनेतथा दुई वा दुई भन्दा बढी स्थानीय तहका केन्द्र जोड्ने सडकहरुलाईप्राथमिकता दिईनिर्माण गरिनेछ । प्रदेश भित्रका धार्मिक, सास्कृतिक तथा पर्यटकीय स्थलसम्म पुग्ने पहुँच मार्ग निर्माणलाई प्राथमिकतामा राखिनेछ ।

- पूर्वाधार संरचना अपाङ्ग मैत्री, सुरक्षित रवातावरण अनुकुल हुने गरीनिर्माण गरिनेछ । पूर्वाधार निर्माणमा गुणस्तरीय, स्वदेशी तथा स्थानीय सामग्रीको प्रयोगलाई प्राथमिकतामा राखिनेछ । सडकपूर्वाधार निर्माणमा सडक सुरक्षा तथा बायो इन्जिनियरिङ्ग प्रविधिको प्रयोगगरिनेछ।भौतिक संरचनाको मर्मत संभार गर्ने कार्यलाई विशेष प्राथमिकता दिईनेछ। भौतिक संरचनाहरुको मर्मत संभार तथा संरक्षणका लागि "मर्मत संभार तथा संरक्षण कोष" को स्थापना गरी सञ्चालनमा ल्याइनेछ।सडक तथा बस्तीहरुकोसौन्दर्यीकरण कार्यलाई नमूनाको रुपमा शुरुवात गरिनेछ ।

- ठूला नदीहरुमा जल यातायात संचालन तथा ऐतिहासिक, धार्मिक, सास्कृतिक पर्यटकीयकेन्द्रहरु जोड्ने गरी बैकल्पिक यातायात प्रणालीको विकास तथा संचालनको लागि निजीक्षेत्र सँगको समेत सहभागीता मा कार्य अघि वढाउन सम्भाव्यता अध्ययनको कार्यगरिनेछ"कोशी-खुवालुङ जलमार्ग" लाई सुदृढ रुपमा सञ्चालन गर्न आवश्यक प्रवन्ध गरिनेछ ।

- प्रदेश सरकारको कार्य सञ्चालन गर्न कोशी प्रदेश राजधानी क्षेत्र भित्र प्रदेश सरकारलाई प्राप्त हुने जग्गामाभौतिक संरचना निर्माण गर्ने प्रयोजनका लागिगुरुयोजना तयार गरिनेछ । जिल्ला स्थित सरकारी कार्यालयहरुको भवन निर्माणलाई प्राथमिकता दिई क्रमश:सम्पन्न गरिनेछ। वृहतविराट क्षेत्रको समग्र विकासको लागि गुरुयोजना तयार गरी कार्य अघि बढाईनेछ ।

- रमणीय स्थलमा रहेका साना गाँउ, बस्तीहरुको भौतिक पूर्वाधारहरुको सुधार हुने गरी "नमुना बस्ती सुधार" कार्यक्रमको कार्यान्वयन गरिनेछ।"जनता आवास कार्यक्रम" लाई निरन्तरता दिई खरको छाना विस्थापनकोकार्य गरिनेछ।स्थानीय तहसँगको समन्वय र सहकार्यमा स्थानीय तहमा राष्ट्रिय भवन संहिता कार्यान्वयनमा ल्याइनेछ ।

- स्थानीयतहहरुको फोहोर व्यवस्थापनका लागि ल्याण्ड फिल्ड साईट सम्मको पहुच मार्गतथा अन्य पूर्वाधार निर्माणका लागि स्थानीयतहहरु सँगसाझेदारीको कार्यलाई अघिवढाईनेछ ।

- गुणस्तरीय पूर्वाधार निर्माणका लागि प्रदेश स्तरमा निर्माणसामग्रीको गुणस्तर परीक्षण गर्न प्रयोगशाला स्थापना गरी संचालन गरिनेछ ।

माननीय सदस्यहरु,

- अस्पतालहरुको व्यवस्थापकीय सुदृढीकरण गरिनेछ । अनुसन्धान, तथ्य र तथ्यांकमा आधारित भएर प्रदेश स्वास्थ्य नीति तर्जुमा गरी

बाँकी ४ पेजमा...

## कोशी प्रदेश...

कार्यान्वयन गरिनेछ । प्रदेश मातहतका अस्पतालहरूबाट विशेषज्ञ सेवा प्रदान गर्नका लागि विशेषज्ञ चिकित्सक प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- प्रादेशिक अस्पताल भद्रपुरलाई विशिष्टीकृत अस्पताल को रूपमा विकास गरिनेछ।मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरलाई अत्याधुनिक औजार उपकरण सहित सुविधासम्पन्न र प्रविधिमैत्री बनाइनेछ ।

- जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रलाईक्रमश : अस्पतालमा स्तरोन्नती गरिनेछ। पचास शैय्या क्षमताको प्रादेशिक आयुर्वेद अस्पताललखनपुर, झापाको व्यवस्थापकीय सुदृढीकरण गरिनेछ। प्रदेशमा आयुर्वेद शिक्षण अस्पतालको सम्भाव्यता अध्ययन गरिनेछ। परम्परागत आयुर्वेद उपचारमा संलग्न जनशक्तिको ज्ञान सीपको अभिलेखीकरण गरी आयुर्वेद सेवा सम्बन्धी क्षमता अभिवृद्धि गरिनेछ।आयुर्वेद संस्थाहरुमा न्यूनतम सेवा मापदण्ड लागू गरी गुणस्तरीय आयुर्वेद सेवा प्रदान गरिने छ।अस्पतालहरुमा होमियोप्याथिक लगायत अन्य वैकल्पिक चिकित्सा पद्धतिहरुको एकीकृत सेवा व्यवस्थापन गरिनेछ ।

- नसर्ने रोगको एकीकृत व्यवस्थापन गर्न "स्वस्थ्य नागरिक" अभियान सञ्चालन गरिनेछ।प्रदेश भित्र रणनीतिक स्थानहरुको छनौट गरी आम सर्वसाधारणमा स्वस्थ्य जीवन प्रवर्द्धन गर्न खुला व्यायामशाला निर्माण गरिनेछ । कडा रोग लागेका विपन्न नागरिकलाई प्रदेश सरकारबाट उपचार सहायता वापत सहुलियत रकम उपलब्ध गराउन छुट्टै कार्यविधिको व्यवस्था गरी "प्रदेश प्रमुख स्वास्थ्य सहुलियत" कार्यक्रम सञ्चालन गरिनेछ ।

- प्रदेश जनस्वास्थ्य प्रयोग शालालाई थप सुदृढीकरणगरी प्रविधीयुक्त प्रयोगशालाका रुपमा विकास गरिनेछ।जटिल प्रकृतिका वंशाणुगत रोगको उपचारका लागि औषधी तथा औषधीजन्य सामाग्रीको व्यवस्थापन गरिनेछ ।

- स्थानीय तहसँगको साझेदारीमा स्वास्थ्य वीमा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्न थप कार्यक्रम सञ्चालन गरिनेछ।प्रदेशका सबै स्थानीय तहहरु समेटेर सञ्चालनमा रहेको "विद्यालय नर्सिङ्ग कार्यक्रम" लाई निरन्तरता दिइनेछ । बजारमा प्राप्त बिभिन्न प्रकारका उपभोग्य वस्तुले स्वास्थ्यमा पार्न सक्ने नकरात्मक असर न्यूनीकरण गर्न चेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

- महिला, बालबालिका तथा किशोर किशोरीहरुको पोषण अवस्थामा सुधार गर्न "लक्षित समूह बहुपक्षीय पोषण कार्यक्रम" सञ्चालन गरिनेछ। महिलाहरुमा प्रजनन् रुग्णता दर घटाउन रोकथाम तथा उपचार व्यवस्थापन सम्बन्धी कार्यक्रम गरिनेछ । समाजमा पछि परेको वर्ग तथा समुदायलाई स्वास्थ्य सेवाको सुलभ प्राप्ती हुने व्यवस्था मिलाईस्वास्थ्य वीमा,स्वास्थ्य शिक्षा लगायतअन्य जन स्वास्थ्यका विधिहरुको स्थानीय तहसँगको सहकार्यमा कार्य संचालन गरिनेछ ।

- प्रदेश सरकार मातहत निकायवाट अनुमति लिई सञ्चालनमा रहेका अस्पताल तथा स्वास्थ्य संस्थाहरुको अनुगमन गरी न्युनतम मापदण्ड पुरा गर्नेव्यवस्था मिलाईनेछ। प्रदेश भित्र रहेका स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा मेडिकल कलेजहरुसँगको सहकार्यमा प्रादेशिक तथा जिल्ला अस्पतालहरु र स्थानीय तहसँगको सहकार्यमा विशेष स्वास्थ्य सेवा सञ्चालन गरिनेछ ।

- विगतमा कोरोना भाइरस (कोभिड-१९) माहामारी रोकथाम नियन्त्रण र उपचारको लागि गरिएका प्रवन्धहरुबाट भएको सिकाईको समेत उपयोग गर्दै सरुवा रोगहरुको नियन्त्रण तथा रोकथामका लागि दिगो रुपमा संस्थागत प्रणालीको विकास गरिनेछ।धार्मिक सांस्कृतिक पर्यटकीय स्थल लगायत सर्वसाधारणको अत्याधिक भिडभाड हुने स्थानको पहिचान गरी स्वास्थ्य जोखिम न्यूनीकरण गर्न स्थानीय तहको सहकार्यमा आवश्यक व्यवस्था मिलाइनेछ। संक्रामक रोग तथा सघन उपचार केन्द्रको जग्गा प्राप्ति गरी अत्याधुनिक प्रविधि सहितको प्रदेशस्तरीय संक्रामक रोग अस्पताल सञ्चालनमा ल्याउन संघीय सरकारसँग समन्वय गरिनेछ ।

- हृदयघात, मानसिक रोग, महामारिजन्य रोग, किटजन्य रोग, जलन आदिको रोकथाम तथा नियन्त्रणका लागि विशेष कार्यक्रम संचालन गरिनेछ । प्रदेशस्तरीय प्रसुती अस्पताल निर्माण तथा सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

माननीय सदस्यहरु,

- खाद्यान्न उत्पादन बृद्धिका लागि बीउ उत्पादन र खाद्यान्न उत्पादन प्रवर्द्धनका कार्यक्रम हरु संचालन गरिनेछन्। खाद्य पोषणसँग प्रत्यक्ष सरोकार राख्ने रैथाने बालीहरुको संरक्षण, प्रवर्द्धन र उपयोग गरी खाद्य विविधीकरणमा जोड दिईनेछ। समतामूलक, उत्थानशील र दीगो खाद्यप्रणाली लक्षित कार्यक्रम संचालन गर्न आवश्यक समन्वय गरिनेछ। सामुहिक तथा करार खेतीलाई प्रोत्साहन गर्दै उत्पादित वस्तुको बजारीकरणका लागि सहकार्य गरिनेछ ।

- चिया, कफी, अदुवा, अलैंची, सुपारी, जस्ता निर्यात जन्य कृषि बालीहरुको उत्पादन, सुरक्षित भण्डारण, बजारीकरण, पोष्टहार्भेष्ट तथा मूल्यश्रृंखलामा आधारित कार्यक्रमहरु सञ्चालन गरी निर्यात प्रवर्द्धन गरिने छ। कृषिजन्य उद्योगहरुलाई कच्चा पदार्थको उपलब्धता वृद्धि गर्न कृषि उद्योगमा कच्चा पदार्थको रुपमा प्रयोग हुने बाली वस्तु उत्पादनमा प्रोत्साहन गरिनेछ ।

- कृषि क्षेत्रमा सानो लगानीबाट स्वरोजगार हुन चाहाने युवाहरु लक्षित गरी उन्नत प्रविधि मार्फत तरकारी, च्याउ, मह, पशुपालन आदि व्यवसाय संचालनका लागि सहुलियतपूर्ण कर्जातथा सहयोग उपलब्ध गराईनेछ । पहाडी क्षेत्रमा बाँझो रहेका जमिनमा व्यवसायिक रुपमा फलफूल खेती गर्नका लागि प्रोत्साहन गरिने छ।कृषि विकास गर्न सकिने सम्भावित नदी तटीयक्षेत्रमा बगर खेती र रवर खेती प्रवर्द्धनका लागि अध्ययन गरिनेछ ।

- माटोको गुणस्तर सुधारका लागिस्थानीय तहसँगको सहकार्यमा माटो परीक्षण कार्यलाई सघन रुपमा संचालन गरिनेछ। रसायनिक मलको प्रयोगलाई न्यूनीकरण गर्दैहरियो मल प्रवर्द्धन र प्राङ्गारिक तथा जैविक मल उत्पादन एवं प्रयोगमा जोड दिईनेछ ।

- कृषि विषय अध्यापन गराउने विश्वविद्यालय, कलेज र कृषि अनुसन्धान केन्द्रहरुसँग समन्वय र सहकार्य गरी प्राविधिक विशेषज्ञताको आदानप्रदान मार्फत स्थानीय स्तरमा कृषि र पशु सेवा सम्बद्ध नवीन प्रविधि प्रचार प्रसार गरिनेछ । कृषि विषय अध्यापन गराउने विश्वविद्यालयका विद्यार्थीलाई ईन्टर्नशिपको रुपमा परिचालन गरी प्रविधि विस्तार, माटो परीक्षण, कृषकलाई तालिम दिने आदि कार्यमा सहयोग प्राप्त गर्दै विद्यार्थीको दक्षता अभिवृद्धि गर्ने कार्य गरिनेछ ।

- कृषि वस्तुउत्पादन, भण्डारण, आपूर्ति, गुणस्तर नियमन जस्ता कार्यलाई व्यवस्थित गर्दै लगिनेछ। स्थानीय तहसँगको सहकार्यमा सितभण्डार निर्माण तथा सञ्चालनमा सहकार्य गरिनेछ।बजारहरुमा विषादी अनुगमन तथा रसायनिक विषादी प्रयोग न्यूनीकरणका लागि सचेतनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

- "एक स्थानीय तह एक उत्पादन कार्यक्रम" लाई व्यवस्थित गर्दै लगिनेछ। उन्नत जातका गाई, भैंसी, बाखा, बंगुरको श्रोतकेन्द्र विकासका कार्यक्रम हरुलाई निरन्तरता दिदै उच्च उत्पादन दिने पशुहरुको विकास गरी प्रदेशमा नै उन्नत नश्लका पशुहरुको व्यवस्था गरिनेछ।बजार तथा भौगोलिक संभाव्यताका आधारमा स्थानीय तहहरुको सहकार्यमा गाईभैंसी, बाखा, बंगुर, चौरी, भेडा तथा मत्स्यपालन कार्यक्रम प्रवर्द्धन गरिनेछ ।

- पशु रोग नियन्त्रण गर्न कार्ययोजना तयार गरिनेछ। बिभिन्न महामारी र घातक रोग नियन्त्रणका लागि संघ र स्थानीय तहसँगको सहकार्यमा पशुपन्छीको खोप कार्यक्रम संचालन गरिनेछ । विज्ञहरुको सहयोगमा स्थलगत रुपमा पशु स्वास्थ्य शिविर मार्फत रोग निदान र उपचारको व्यवस्था गरिनेछ। पशु रोगहरुको स्थिति मूल्यांकन गर्न सर्भिलेन्स कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

- घाँसमा आधारित पशुपालन कार्यक्रम मार्फत पशुपन्छीजन्य उत्पादनको उत्पादन लागत कम गर्न घाँस खेती प्रवर्द्धन, पोषणयुक्त आहारा प्रवर्द्धन तथा साइलेज लगायतका प्रविधिको प्रदर्शन र प्रविधि अनुसरणमा सहयोग उपलब्ध गराईनेछ। दुध र मासुको संकलन, प्रशोधन, परिकार विविधीकरण जस्ता कृषि व्यवसायिक कार्यमा आधुनिक प्रविधि अवलम्बनमा सहयोग पुऱ्याईनेछ ।

- कृषि तथापशु सेवाको प्रचार प्रसार एवम् विकासका लागि नीजि क्षेत्रका सेवा प्रदायक, पाराभेट, पशु स्वास्थ्यकर्मी, कृषि अनुसन्धान केन्द्रहरु र कृषि तथा पशु विषयअध्ययन अध्यापन गराउने संस्थाहरु समेतको सहकार्यमा स्थलगत रुपमा प्रविधि प्रचार प्रसार र जलवायु अनुकूलन कार्यक्रमहरु सञ्चालन गरिनेछ। पशु स्वास्थ्य सम्बन्धी आधारभुत सेवा स्थानीय तहबाटैउपलब्ध गराउन क्षेत्री स्थानीय तहमा पशु स्वास्थ्य प्रयोगशाला स्थापनामा सहयोग पुऱ्याईनेछ।

- मत्स्य उत्पादकत्व बृद्धिका लागि नर्सरी स्थापना तथा स्थलगत घुम्ति शिविर कार्यक्रमहरु संचालन गरिने छ।पारिवारिक पोषणको लागि पहाडी क्षेत्रमा समेत मत्स्यपालन प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

- घरेलु तथा साना उद्योग कार्यालयहरूलाई प्रवधिमैत्री बनाई उद्योग तथा वाणिज्य प्रशासन सम्बन्धीअनलाईन सेवा उपलब्ध गराउन उद्योग तथा वाणिज्य प्रशासन प्रणालीसबै घरेलु तथा साना उद्योग कार्यालयहरुबाट कार्यान्वयनमा ल्याईनेछ। वाणिज्य क्षेत्रमा उपभोक्ता सचेतना तथा प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ। बेरोजगार युवाहरुलाई व्यवसायिक तालिम संचालन गरी उद्यमशीलता विकास गर्न प्रोत्साहित गरिनेछ ।

- प्रदेशलाई औद्योगिक हबको रूपमा विकास गर्न उपयुक्त स्थानमा भौतिक पूर्वाधार सहित "कोशी औद्योगिक क्षेत्र" स्थापनाको लागि अध्ययन गरिनेछ।स्टार्टअप, नवप्रवर्तन, व्यवसायसम्बर्द्धन केन्द्र स्थापना सम्बन्धी नीतिगत आधार तयार गरिनेछ।उद्योग क्षेत्रको विकास तथा प्रवर्द्धन गर्दै आयात प्रतिस्थापनलाई प्रोत्साहित गरिनेछ ।

- निजी क्षेत्रको समन्वय एवम् सहकार्यमा औद्योगिक वस्तुको प्रवर्द्धन एवम् प्रर्दशन र उद्योग क्षेत्रको विकाससँग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरको सभा सम्मेलन आयोजना गर्न प्रदेश भित्र एउटा औद्योगिक प्रदर्शनी स्थल निर्माणका लागि सम्भाव्यता अध्ययन गरी निर्माण कार्य प्रारम्भ गरिनेछ ।

- स्थानीय कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योगको विकास एवम् विस्तारका लागि प्रोत्साहन गरिनेछ।सहकारी मार्फत उद्यमी सिर्जना गर्न व्यवसायिक योजनाको आधारमा "सहकारी उद्यमशीलता र समृद्धि" कार्यक्रम सञ्चालन गरिनेछ। स्थानीय तह र निजी क्षेत्रसँगको समन्वयमा स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्दै स्वदेशी वस्तु खरिद र उपभोगलाई प्रोत्साहन गर्दै स्थानीय उत्पादनको ब्राण्डिङ्ग गरिनेछ। स्थानीय उत्पादकहरुको आर्थिक बृद्धिका लागि उत्प्रेरणा प्रदान गरिनेछ ।

- स्थानीय स्रोत साधन, परम्परागत सीप र प्रविधिमा आधारित लघु उद्यम, घरेलु तथा साना उद्योगको विकासलाई प्राथमिकता दिइनेछ। लघु तथा घरेलु उद्योगमा कार्यरत जनशक्तिको क्षमता बिकास गरिनेछ। यस्ता उद्योग दर्ता कार्यलाई घुम्ती सेवा मार्फत सञ्चालनका लागि आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ ।

- अल्लो, बाँस, बेतबाँस, भेडाको उन, पशुहरुको छाला, कोगटी जस्ता स्थानीय कच्चा पदार्थमा आधारित सङ्कलन तथा प्रशोधन केन्द्रको स्थापना गरी परम्परागत उद्यमशीलता प्रवर्द्धन का लागि उन्नत प्रविधि अवलम्बन मा सहयोग गरिनेछ । घरेलु उत्पादन बिक्री केन्द्र स्थल निर्माणका लागि आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

- उत्कृष्ठ महिला उद्यमी प्रोत्साहन पुरस्कारका लागि आवश्यक व्यवस्था मिलाइनेछ। औद्योगिक ग्रामहरु संचालनको लागि स्थानीय तहहरुसँगको समन्वयमा प्रचारात्मक र प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ ।

- स्थानीय तहमा हस्तान्तरण भएका सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिबृद्धिको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।स्थानीय तहमा कार्यरत कर्मचारी, सहकारिकर्मी, नियमनकारी निकायमा कार्यरत कर्मचारीको क्षमता बिकासका कार्यक्रम सञ्चालन गरिनेछ । सहकारी संस्थाहरुको अभिलेख व्यवस्थापन अध्यावधिक गरी सहकारी व्यवस्थापन सूचना प्रणालीमा आवद्ध गरिनेछ ।

- गरिब, विपन्न तथा पिछडिएको बर्गका कृषक, मजदुरहरुको सहभागितामा गठन भई संचालनमा रहेका दुर्गम तथा ग्रामिण क्षेत्रका कृषि तथा विषयगत सहकारी संस्थाहरुको व्यवसायिक क्षमता अभिबृद्धि गराउन आवश्यक पेशागत व्यवसायिक सीपमुलक तालिम, बस्तुगत तथा प्राविधिक सेवा उपलब्ध गराइनेछ ।

माननीय सदस्यहरु,

- पुराना र क्षतिग्रस्त सिंचाई पूर्वाधारको रुपमा रहेका नहर तथा कुलो मर्मत संभार गरीनियमित रुपमा सञ्चालनगर्ने व्यवस्था मिलाइनेछ । कन्काइ तथा चन्दामोहना सिंचाइ व्यावस्थापन आयोजनाहरुको हेडवर्कस रसम्बन्धित अन्य संरचनाहरुको मर्मतसम्भार गरी सिंचीत क्षेत्र विस्तार गरिनेछ ।

- पहाडी सुखाग्रस्त क्षेत्रमा वर्षे पानी पुनर्भरण (Recharge) पोखरीहरु निर्माण गरी नजिक रहेकोपानीको मूल लाई संरक्षण गर्दै मूलको पानी समेत लाई पुनर्भरण(चभअजबचनभ) पोखरीमा प्रवाह गरी दिगो सिंचाइसेवा उपलब्ध गराईनेछ । सतहसिंचाइ सुविधा नपुगेको तराई क्षेत्रमा भुमिगत सिंचाइ प्रणाली प्रविधिमार्फत् सिंचाइ सेवाको विस्तार गरिनेछ ।

- नदी कटान डुबान तथा आपतकालिन बाढी पहिरो जोखिम नियन्त्रण एवम् रोकथाम गर्ने कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित निकायसँग सहकार्य गरिनेछ।संघ,प्रदेश, स्थानीयतह, विकास साझेदार निकाय तथा स्थानीय उपभोक्ताको संयुक्त साझेदारि मा प्रदेशको मध्य पहाडी आठ जिल्लामा संचालित साना सिंचाइकार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- लगानी साझेदारी गर्ने कार्यलाई व्यवस्थित वनाउदै २० मेगावाट सम्मका जल विद्युत तथा सौर्यविद्युत आयोजना सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ । पेट्रोलियम पदार्थ र एल.पि.ग्याँसको उपयोग लाई न्यून गर्दै क्रमश : वैकल्पिक व्यवस्था गर्न विद्युतीय चुलो र विद्युतीय सवारी साधनको प्रयोगलाई प्रवद्धन गर्ने चार्जिङ्ग स्टेशन निर्माणमा प्रोत्साहन गरिनेछ ।

- प्रदेश भित्रका सबै नागरिकको घरमा आगामी दुई वर्ष भित्रमा विद्युत सुविधा पुर्याउन कार्ययोजना स्वीकृत गरी सम्बन्धित निकायसँगको सहकार्यमा कार्ययोजना कार्यान्वयन गरिनेछ ।

- धार्मिक, सास्कृतिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरुको स्तरोन्नति तथा विद्युत रसौर्य विद्युत प्रयोग गरी सौन्दर्यीकरण गरिनेछ। सहकारी, निजी तथा वित्तीय क्षेत्रको सहकार्यमा सोलार रुफ-टप कार्यक्रम प्रवर्द्धन गरिनेछ ।

- जनताको जलविद्युत कार्यक्रम अन्तर्गत यसै आर्थिक वर्षबाट निर्माण कार्य प्रारम्भ हुने ताप्लेजुङ जिल्लाको ७७.५ मेघा वाटको घुन्सा खोला जलबिद्युत आयोजना र ७०.३ मेघा वाटको सिम्बुवा खोला जलबिद्युत आयोजनामा प्रदेशवासी जनता र प्रदेश सरकारको लगानी सुनिश्चित गरिनेछ ।

- प्रदेश, स्थानीयतह, उपभोक्ता र निजि क्षेत्र सँगको सहलगानीमा स्वच्छ खानेपानी आयोजनाकार्यान्वयनका लागि वित्तीय श्रोत जुटाई"प्रादेशिक खानेपानी क्षेत्र विशेष कार्यक्रम" सञ्चालन गरिनेछ। सहरी क्षेत्रको सार्वजनिक स्थानहरुमा प्रशोधित खानेपानी आपूर्तिको आवश्यक व्यवस्था मिलाइनेछ। प्रदेश र स्थानीय तहको साझेदारीमा वास प्लान कार्यक्रम सञ्चालन गरिनेछ । जिर्ण तथा पुराना खानेपानी

बाँकी ५ पेजमा...

## कोशी प्रदेश...

आयोजनाहरुको मर्मत संभार गरी क्रमश: संचालनमा ल्याइनेछ ।

- प्रत्येक नागरिकलाई आधारभूत खानेपानी सेवा प्रवाह गर्न एक घर एक धाराको अवधारणा अनुरुप खानेपानी तथा सरसफाई आयोजनाहलाई प्राथमिकताका साथ सम्पन्न गर्दै लगिनेछ । खानेपानी सेवा उपलव्ध नभएका स्थानहरुमा पम्प, लिफ्ट, डिपबोरिङ्ग तथा वर्षातको पानी सङ्कलन मार्फत खानेपानी सेवा उपलव्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।

माननीय सदस्यहरु,

- शिक्षालाई गुणस्तरीय, प्रतिस्पर्धी, सीपयुक्त, रोजगारमुलक एवं सूचना प्रविधिमैत्री बनाउन प्रदेश शिक्षा नीति तर्जुमा गरिनेछ । शिक्षामा पहुँच, शैक्षिक गुणस्तर प्रवर्द्धन तथा संस्थागत क्षमता अभिवृद्धि गर्न स्थानीय तहसँगको समन्वय एवम् सहकार्यमा सामुदायिक विद्यालयको बिद्यार्थी भर्ना सहजिकरण, शिक्षक तालिम, भौतिक पूर्वाधार विकास र व्यवस्थापकीय सुधारमा जोड दिइनेछ ।

- स्थानीय तहसँगको सहकार्यमा माध्यमिक तहको उत्कृष्ट नमूना विद्यालय बनाउने र आधारभूत विद्यालयलाई बालमैत्री विद्यालयको रुपमा विकास गर्न न्यून विद्यार्थी भएका सामुदायिक विद्यालय एक आपसमा गाभ्ने कार्यलाई प्रोत्साहन र प्राथमिकता दिइनेछ। विद्यार्थीमा शारीरिक तन्दुरुस्ती, अनुशासन र सामाजिक भावनाको विकासका लागि स्काउट कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

- निजामती आवासीय विद्यालय धनकुटाको शैक्षिक, भौतिक र व्यवस्थापकीय पक्षहरुको सुधारका लागि विस्तृत अध्ययन गरी प्रदेशको नमूना विद्यालयको रुपमा विकास गरिनेछ। प्रदेशमा कार्यरत शिक्षकहरुको पेशागतक्षमता विकास गर्न सेवा प्रवेश तथा सेवाकालीन र प्रयोगात्मक तालिम सञ्चालन गरिनेछ। सामुदायिक पुस्तकालयलाई सुदृढीकरण गरी प्रविधिमैत्री बनाउन प्रोत्साहन गरिनेछ ।

- सामुदायिक सिकाइ केन्द्रको सबलीकरण, विशेष शिक्षा कार्यक्रमको प्रवर्द्धन, आधारभूत तहमा मातृभाषामा पठनपाठनमा सहजीकरण गर्दै शिक्षाका कार्यक्रमलाई प्रभावकारी बनाउन स्थानीय तहसँग सहकार्य र समन्वय गरिनेछ ।

- मनमोहन प्राविधिक विश्वविद्यालयको संरचनागत र कार्यक्रमगत सुदृढीकरणका लागि थप शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ।प्रदेश आविष्कार केन्द्रलाई थप सुदृढीकरण गरिनेछ।प्रदेशमा विज्ञान पार्क र अन्तरिक्ष विज्ञान पार्कको स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

- सामुदायिक क्याम्पसहरुको गुणस्तरीय शैक्षिक कार्यक्रम सञ्चालनका लागि पूर्वाधार विकासमा सहयोग गरिनेछ।आर्थिक तथा सामाजिक रुपमा पछाडिपरेका समुदाय, अल्पसंख्यक र अपाङ्गता भएका विद्यार्थीलाई चिकित्सा शिक्षा, ईन्जिनियरिङ तथा अन्य उच्च शिक्षा अध्ययनका लागि छात्रवृति प्रदान गर्ने नीति लिइनेछ ।

- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) को प्रादेशिक रणनीतिक योजना तर्जुमा गरी कार्यक्रमहरु सञ्चालन, व्यवस्थापन र नियमन गरिनेछ ।

- प्राविधिक शिक्षा र व्यावसायिक तालिम प्रदान गर्ने शिक्षालय/विद्यालय र सीप परीक्षण केन्द्रहरुको क्षमता अभिवृद्धि गर्दै लामो तथा छोटो अवधिको तालिम संचालन गरी सीप परीक्षण प्रमाणपत्र प्रदान गर्न सहजिकरण गरिनेछ। तालिम प्राप्त व्यक्तिहरुको रोजगार सुनिश्चितताको लागि सम्बन्धित निकायसँग समन्वय एवम् सहकार्य गरिनेछ ।

- प्रदेशमा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, आदिवासी जनजाति, लोपोन्मुख, सिमान्तकृत, अपाङ्गता भएका व्यक्ति, दलित, संरक्षण विहिन व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला, मधेशी, मुस्लिम लगायत पछाडि परेका समुदायको विकासका लागि आवश्यक समन्वय र साझेदारी सहित लक्षित वर्गमैत्री सशक्तीकरण कार्यक्रम सञ्चालन गरिनेछ । प्रदेश सरकार तथा स्थानीय तहको साझेदारीमा एकल महिला उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

- लैङ्गिक हिंसा अन्त्यका लागि स्थानीय तहमा संरक्षण कोषको व्यवस्था गर्न सहजिकरण गरिनेछ।लैङ्गिक हिंसापीडित महिला तथा बालिकाको संरक्षण एवं पुनर्स्थापनाका लागि प्रदेश सरकारद्वारा सञ्चालित दीर्घ कालिन पुनर्स्थापना गृह र स्थानीय तह तथा सामाजिक विकास संस्थामार्फत सञ्चालित अल्पकालिन पुनर्स्थापना केन्द्र सञ्चालनमा सहयोग तथा सहकार्य गरिनेछ ।

- सन् २०२५ सम्ममा बालविवाहमुक्त प्रदेश वनाउने अभियानलाई सफल पार्न प्रदेशका सामुदायिक माध्यमिक विद्यालयहरुमा स्थानीय तहसँगको सहकार्यमा किशोरी शसक्तीकरण कार्यक्रम क्रमश: विस्तार गरिनेछ ।

- सडक आश्रित बालबालिकामुक्त गरी बालमैत्री प्रदेश निर्माणका लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको समन्वय र सहकार्यमा सडक बालबालिकाको संरक्षण तथा व्यवस्थापनमा जोड दिइनेछ। सहयोगापेक्षी सडक मानवहरुको उद्धार तथा पुनर्स्थापना गर्दै सडक मानवमुक्त प्रदेश निर्माण अभियान सञ्चालन गरिनेछ ।

- अपाङ्गता भएका व्यक्तिहरुको आत्मनिर्भर, स्वावलम्वी र सम्मानजनक जीवनयापनका लागि प्रदेश सरकार,स्थानीय तह र साझेदार निकायको लागत साझेदारीमा सञ्चालित अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमको आन्तरिकीकरण गर्दै बाँकी जिल्लाका स्थानीय तहहरुमा श्रोतको आंकलन गरी कार्यक्रम विस्तार गरिनेछ।अपाङ्गता अधिकार र संरक्षणका लागि अपाङ्गता नीति तर्जुमा गरिनेछ ।

- ज्येष्ठ नागरिकहरुको संरक्षण र सम्मान सहितको पुर्नस्थापना तथा दिवा सेवा केन्द्र स्थापना र सञ्चालनका लागि नेपाल सरकार र स्थानीय तहसँग सहकार्य र समन्वयगरिनेछ।ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई समाज तथा मूलुकको हितमा पूँजीकरण गर्न ज्ञान तथा अनुभव आदान प्रदानका कार्यक्रम सञ्चालन गरिनेछ ।

- कोशी प्रदेशभित्रका विभिन्न जातजाति, भाषाभाषी, सांस्कृतिक र ऐतिहाँसिक क्षेत्रभित्र रहेकालिपि, भाषा, साहित्य, कला, संस्कृति आदिको संरक्षण, सम्बर्द्धन, अध्ययन, अनुसन्धान गरी यस क्षेत्रलाई संमृद्ध बनाउनका लागि प्रादेशिक संस्कृति नीति तर्जूमा गरिनेछ । सांस्कृतिक तथा धार्मिक महत्त्वको"पिण्डेश्वर पूर्ण महाकुम्भ" मेलासञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक सहकार्य गरिनेछ ।

- प्रदेशभित्र रहेका विभिन्न जात-जातिको पहिचानको रुपमा रहेका ऐतिहासिक तथा साँस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनका लागि धनकुटामा रहेको प्रादेशिक संग्रहालयलाई प्रादेशिक बहुसाँस्कृतिक संग्रहालयको रुपमा विकास गरिनेछ । धरान उपमहानगर पालिका-१४ मा अवस्थित बहुजातीय संग्रहालय लाई सम्बन्धित निकायसँगको समन्वयमा प्रदेश बहुजातीय संग्रहालयको रुपमा विकास गरी सञ्चालनमा ल्याइनेछ।प्रदेशभित्र रहेका विभिन्न जातजातिहरुको भाषा, धर्म, साहित्य, कला र संस्कृतिको संरक्षण सम्वर्धन र विकासका लागि स्थानीय तहसँगको समन्वयमा बिशिष्टीकृत संग्रहालय स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

- नेपालको सरकारी कामकाजको भाषाको अतिरिक्त यस प्रदेशमा रहेका राष्ट्र भाषालाई बैकल्पिक सरकारी कामकाजको भाषाको रुपमा कार्यान्यनका लागि प्रकृया आगाडि बढाईनेछ। सामाजिक विकासका क्षेत्रमा प्रवर्धनात्मक र अनुसन्धान मूलक कार्य गर्ने व्यक्तित्वहरुलाई प्रोत्साहित गरिनेछ ।

- वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित वनाउन प्रदेशमा कार्यान्वयनमा रहेका कार्यक्रम कार्यान्वयनमा समन्वय र सहजीकरण गरिनेछ।वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको ज्ञान, सीप र पुँजीको उच्चतम उपयोग गर्दै सामाजिक र आर्थिक रुपले पुन:एकीकरण गर्न वित्तीय साक्षरता, सामाजिक परामर्श, पारिवारिक परामर्श, उद्यमशिलता प्रवर्धन लगायतका कार्यहरुलाई प्रभावकारी रुपमा संचालन गरिनेछ। श्रम व्यवस्थापन कार्य संचालनका लागि श्रम डेस्कको व्यवस्था गरिनेछ ।

- श्रम तथा रोजगारी सम्बद्ध विषयलाई प्रदेशस्तरमा आन्तरिकीकरण गरी सरोकार वालाहरू बीच सहकार्य र साझेदारीको संयन्त्र निर्माण गर्न, मानव पूँजी, प्रविधि र उद्यमशील संस्कारको विकास गर्दै रोजगारीको दायरा वृद्धि गर्न श्रम तथा रोजगार नीति तर्जुमा गरिनेछ ।

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्ने प्रदेशका खेलाडीहरुलाई प्रोत्साहन गरिनेछ। खेलकुदको विकास तथा उन्नयनमा प्रदेश सरकारको भूमिकालाई प्रदेश खेलकुद विकास बोर्डमार्फत प्रभावकारी बनाउँदै लगिनेछ । खेलकुदको विकासमा स्थानीय तह र निजीक्षेत्रसँगको सहकार्य गरिनेछ ।

- रंगशाला तथा अन्य खेलकुद पूर्वाधारहरुको स्तरोन्नति, मर्मत र निर्माण कार्य गरिनेछ। मोरङ जिल्लाका विराटनगर महानगर पालिका स्थित "बैजनाथपुर क्रिकेट मैदान" लाई अन्तर्राष्ट्रिय स्तरको प्रादेशिक क्रिकेट मैदान र झापा जिल्लाको कमल गाउँपालिका पाडाजुँगी स्थित "आदिवासी जनजाति रंगशाला" लाई प्रादेशिक रंगशालाको रुपमा विकास गरिनेछ। स्थानीय तहसँगको सहकार्यमा प्रत्येक जिल्ला सदरमुकाममा व्यवस्थित रंगशाला र कभर्डहल निर्माणको कार्यलाई निरन्तरता दिइनेछ ।

- प्रदेश तथा राष्ट्रिय स्तरमा खेलिने सबै प्रकारका खेलकुदलाई प्राथमिकतामा राखी खेलाडी तथा प्रशिक्षकको क्षमता विकास गर्न प्रोत्साहनमूलक कार्यक्रम संचालन गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरूको सहभागितामा पारा खेलकुद सञ्चालनको नीतिलाई निरन्तरता दिइनेछ ।

माननीय सदस्यहरु,

- वन क्षेत्रलाई उत्पादक तथा अनुत्पादक क्षेत्रमा वर्गीकरण गरी समुदायमा आधारित वन व्यवस्थापन पद्दति मार्फत वन क्षेत्रको संरक्षण, सम्बर्द्धन तथा दिगो उपयोग गरिनेछ। प्रदेशमा वन पैदावारको माग सम्बोधन गर्न वन सम्बर्द्धन प्रणालिमा आधारित दिगो वन व्यवस्थापनका सिद्धान्त अनुसार वनको उत्पादकत्वमा बृद्धि गर्दै वन पैदावारको संकलन तथा विक्रि वितरणको व्यवस्था मिलाइनेछ ।

- प्रदेश भित्र जैविक विविधता प्रचुर भएका क्षेत्रलाई समुदाय र निजी क्षेत्रको सहकार्यमा नवप्रवर्तनमुखी (Innovative) वन संरक्षण क्षेत्रको रुपमा व्यवस्थापन गर्न उपयुक्त वन व्यवस्थापन पद्धतिको विकास गरिनेछ ।

- वनक्षेत्र नभएका तथा न्युन वनक्षेत्र भएका ठाउँहरुमा निजी वनको विकास र निजी, संस्थागत तथा सार्वजनिक जग्गाहरुमा कृषि वन, शहरी वनको प्रवर्द्धन गरिनेछ । नदी उकास जग्गामा बृक्षारोपण कार्यलाई प्राथमिकतामा राखी सञ्चालन गरिनेछ ।

- वन क्षेत्रलाई थप उत्पादनमुखी बनाउनवन तथा गैह्रकाष्ठमा आधारित हरित उद्योगहरुको स्थापना, सञ्चालन तथा प्रविधि विकासमा सार्वजनिक, सामुदायिक, सहकारी तथा निजी क्षेत्रको साझेदारीपूर्ण लगानीलाई प्रोत्साहन गरिनेछ ।

- जडीबुटी तथा गैह्र-काष्ठ वन पैदावार खेती प्रवर्धन तथा बजारीकरणका लागि मूल्य श्रृङ्खलाको विश्लेषण तथा अध्ययन प्रतिवेदनहरुका आधारमा जडीबुटी विशेष क्षेत्र तोकी स्थानीय उपभोक्ताहरुको जीविकोपार्जन तथा राजश्व अभिबृद्धी हुने विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ। जडीबुटीको अध्ययन, अनुसन्धान, मूल्य अभिवृद्धी र व्यापार प्रवर्द्धनका लागि गुणस्तर मापन सहितको प्रयोगशाला निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

- दुर्लभ, लोपोन्मुख तथा रैथाने प्राणी र वनस्पतिहरु सम्वन्धी संरक्षण शिक्षा, मनोरञ्जन, स्व-स्थानीय र पर-स्थानीय संरक्षणका लागि नयाँ प्राणी र वनस्पति उद्यानहरुको स्थापना गर्न सम्भाब्यता अध्ययन गरिनेछ।स्थानीय र भौगोलिक सूचना प्रणालीका आधारमा वन्यजन्तुहरुको वासस्थान र जैविक मार्गको पहिचान तथा प्रभावकारी व्यवस्थापन मार्फत मानव-वन्यजन्तु द्वन्द्व न्युनीकरण गरिनेछ। प्रदेश भित्र चिडियाखाना संचालनको सम्भाव्यता अध्ययन गरिनेछ। दुर्लब बन्यजन्तु रेड पाण्डाको वासस्थान र जैविक विविधता संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।

- चुरे लगायतका संवेदनशील जलाधार क्षेत्रको उपल्लो र तल्लो तटीय सम्बन्धका आधारमा नदी प्रणालीमा आधारित एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालन गरी महत्वपूर्ण नदी, ताल, पोखरी, सिमसार तथा जलाधार क्षेत्रहरुको प्रभावकारी व्यवस्थापन गरिनेछ। माटो, पानी र वनस्पतिको व्यवस्थापन गरी बाढी, पहिरो, भूक्षय नियन्त्रण, पूर्वाधार संरक्षण, सुख्खा क्षेत्र व्यवस्थापन र भुमिगत जल भण्डार पुनरभरण कार्यक्रमहरु सञ्चालन गरी जमिनको उत्पादकत्व तथा जलाधार क्षेत्रले प्रदान गर्ने वातावरणीय सेवाहरुको अभिबृद्धी गरिनेछ ।

- वन क्षेत्रबाट बग्ने नदीहरुको नदीजन्य पदार्थको अव्यवस्थित संकलन कार्यको नियन्त्रण तथा नियमन गरी दिगो संकलन र सदुपयोगको लागि सरोकार वालाहरुसंगको सहकार्य मा प्रभावकारी व्यवस्थापन गरिनेछ ।

- विकास आयोजनाहरुका सबै चरणमा वातावरणीय पक्षलाई आन्तरिकीकरण गर्दै वातावरणीय प्रदुषण र फोहोलमैला हुने क्षेत्रहरुको पहिचान गरी प्राथमिकीकरणका आधारमा स्थानीय तहहरुसँगको सहकार्यमा वातावरणीय स्वच्छता र पारिस्थितिकीय पद्दतिको दीगोपना कायम हुने गरी व्यवस्थापन गरिनेछ। जलबायू परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न जलबायू अनुकूलन कार्यक्रम संचालन गरिनेछ ।

- वन, वातावरण तथा जलाधार क्षेत्रलाई आधुनिक सूचना प्रविधिमैत्री बनाउदै वैज्ञानिकअध्ययनअनुसन्धान, मानवश्रोत विकासर प्रचार प्रसारका कार्यक्रम एकीकृत रुपमा संचालन गर्नकालागि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रएवम् विश्वविद्यालयहरुसंग समन्वय गरिनेछ। सार्वजनिक पार्क, बनभोज स्थल, सिमसार क्षेत्र, मनोरञ्जन स्थल आदिको संचालन व्यवस्थापन र त्यसवाट प्राप्त प्रतिफल उपयोगमा सहकार्य गरिनेछ ।

- बराह क्षेत्र, हलेसी, तुवाचुङ, पाथिभरा, माङसेवुङ, हिलिहाङ, खुवालुङमाईपोखरी सन्दकपुर लगायत प्रदेश भित्र रहेका ऐतिहासिक, साँस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक क्षेत्र तथा सम्पदाहरुको अवस्था, अवसर र चुनौतिहरुको पहिचान गरी तिनको दीगो संरक्षण, प्रवर्द्धन र व्यवस्थापन मार्फत् कोशी प्रदेशलाई आकर्षक, रमणीय, सुरक्षित र गुणस्तरीय पर्यटकीय गन्तब्यको रुपमा विकास गरी आन्तरिक तथा बाह्य र सीमापार पर्यटकलाई आकर्षित गरिनेछ ।

- प्रदेशको पर्यटन प्रवर्द्धन गर्नको लागि सामाजिक र मनोरन्जनको क्षेत्रमा विख्यात कलाकार, पर्वतारोही, सामाजिक व्यक्तित्वहरुलाई सद्भावना दुतको रुपमा तोक्न आवश्यक प्रबन्ध मिलाइनेछ । राष्ट्रिय विभूतिमहागुरु फाल्गुनन्द र किराँत धर्मगुरु आत्मनन्द लिङदेनको जन्म तथा तपस्यास्थालको बिकास र प्रवर्द्धनका लागि गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

- कोशी प्रदेशमा आउने पर्यटकहरुको संख्या बृद्धि गर्न निर्माणाधिन तथा स्थापित गन्तब्यहरुको पूर्वाधारको संरक्षण र विकासका लागि सरोकार वालाहरुसँगको सहयोग, समन्वय र साझेदारीमा आवश्यक संरचना निर्माण गरी प्राप्त उपलब्धिको न्यायोचित बाँड फाँडको व्यवस्था मिलाइनेछ। पर्यटन सूचना तथा सहायता केन्द्र, पर्यटकीय सुरक्षा व्यवस्था, पर्यटन शिक्षा र स्वास्थ्यतथा सगरमाथा लगायत हिमाली क्षेत्र एवम् पर्यटकीय स्थलको सरसफाईको प्रवर्द्वन गरिनेछ। बिराटनगर र भद्रपुर बिमानस्थल बाट प्रदेश भित्र र बाहिरका अन्य बिमानस्थलहरुमा हवाई सेवा संचालन गर्न समन्वय र सहकार्य गरिनेछ ।

- खेलकुद पर्यटन, स्वास्थ्य पर्यटन, शैक्षिक पर्यटन, कृषि पर्यटन, चलचित्र पर्यटन, साँस्कृतिक पर्यटन, साहसिक पर्यटन, खगोल पर्यटन,

वांकी अन्तिम पेजमा...